चार

# एफएम रेडियोको सशक्तीकरणमा अदालतको भूमिका

माधब कुमार बस्नेत

स्थापित सरकार भएको देशमा,
न्याय र पूरानो ख्याति भएको देशमा,
जहाँ स्वतन्त्रता बिस्तारै विस्तार हुँदै जान्छ,
नजीरै नजीर हुँदै ।[1]

## पृष्ठभूमि

एफएम रेडियोहरूको स्वतन्त्रताको अध्ययन गर्दा हालसम्मको अवधिलाई दुई भागमा विभाजन गर्नु उचित हुन्छ । पहिलो, प्रजातान्त्रिक काल जसमा जनताले नै चुनेको सरकार थियो र राष्ट्रिय प्रसारण ऐन पनि तिनै जनताले चुनेका प्रतिनिधिले बनाएका थिए । अर्को सम्झनयोग्य कुरा के छ भने राष्ट्रिय प्रसारण ऐन, २०४९ बन्दा र रेडियोलाई समाचार प्रसारणमा अप्रत्यक्ष रोक लगाउँदा दुवै अवस्थामा आफूलाई प्रजातान्त्रिक दल भन्ने नेपाली काँग्रेसकै सरकार थियो । दोस्रो, २०६१ माघ १९ देखि २०६३ वैशाख ११ गतेसम्मको काल ।[2] दोस्रो कालमा

आफ्नो अभिलेख उपलब्ध गराएर सहयोग गर्नु हुने मित्र अधिवक्ता ऋषिराम घिमिरे, फ्रिडम फोरम, थापाथली, प्रति कृतज्ञता जाहेर गर्दछु ।

१ लर्ड अल्फ्रेड टेनिसन (सन् २००५: ६९०; लेखकको अनुवाद) ।

२ २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिएका थिए, जुन २०६३ वैशाख ११ मा लोकतन्त्र बहाली हुने बेलासम्म कायम थियो ।

तत्कालीन राजाले अध्यादेश नै ल्याएर राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा अन्य पाँचओटा ऐन संशोधन गरी रेडियोबाट समाचार प्रसारणमा रोक लगाएका थिए । परिणामको दृष्टिकोणबाट यी दुई कालको मुख्य भिन्नता चाहिँ प्रत्यक्ष रोक र अप्रत्यक्ष रोकमा मात्र फरक रह्यो । उद्देश्यमा खासै भिन्नता रहेन । यो लेखमा यी दुवै कालका बेला एफएम रेडियोबारे अदालतमा परेका मुद्दा र अदालतले गरेको फैसलाबाट नेपालमा रेडियो प्रसारणको क्षेत्रमा स्थापित नजीर तथा त्यसले रेडियो प्रसारणको क्षेत्रमा पारेको प्रभावलाई केलाउने प्रयास गरिएको छ ।

## प्रजातान्त्रिक काल

प्रजातन्त्रको पुनर्स्थापनापछि २०४९ सालको सञ्चार नीतिमा निजी रेडियोहरूलाई समाचार प्रसारण गर्न दिनेबारे कुनै पनि स्पष्ट व्यवस्था गरेको थिएन ।[३] तर पनि राष्ट्रिय प्रसारण ऐन, २०४९ ले सरकारी नीतिभन्दा निकै कदम अगाडि बढेर सूचनाको हकलाई कार्यान्वयन गराउनको लागि निजी क्षेत्रबाट पनि कार्यक्रममा प्राथमिकता दिनु पर्ने भनेर दसओटा विषय नै तोकिदियो (दफा ११) । ऐनको उद्देश्यबमोजिम रेडियोहरूले विभिन्न नाम दिएर समाचार बजाउन थाले । त्यसमध्ये कान्तिपुर एफएमले २०५२ सालदेखि नै *उपत्यकामा आज* नाम दिएर बेलुका ८ बजे समाचार बजाउन सुरु गरेर पहिलो भयो भने यसैले २०५५ असोज २८ गतेदेखि *कान्तिपुर डायरी* भनेर आफ्नै रेडियो स्टेसनबाट समाचार बजाउन सुरु गर्‍यो ।[४] रेडियो सगरमाथाले २०५६ साल मङ्सिर २० गतेबाट *हालचाल* भनेर समाचार बजायो[५] भने इमेज एफएमले २०५७ साल साउन १ गतेदेखि समाचार बजायो ।[६]

---

[३] राष्ट्रिय सञ्चार नीति २०४९ मा प्रसारणसम्बन्धी नीति अन्तर्गत "शिक्षाप्रद एवं मनोरञ्जनात्मक कार्यक्रमहरूको प्रसारण रेडियो र टेलिभिजनबाट गर्न चाहेमा निश्चित मापदण्डको आधारमा निजी क्षेत्रलाई प्रसारण समय उपलब्ध गराउन सक्नेछ" भन्ने र "प्रसारण ऐनअन्तर्गत रही निजी क्षेत्रका सङ्गठित संस्थालाई पनि निश्चित क्षेत्रमा फ्रिक्वेन्सी मोडुलेसन (एफएम) प्रसारण प्रणाली स्थापना गरी शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न दिने" भन्ने छ ।

[४] कान्तिपुर एफएमका स्टेसन म्यानेजर प्रभात रिमालसँग गरिएको कुराकानीमा आधारित, हेर्नुहोस् पौडेल (२०६२) ।

[५] रेडियो सगरमाथाका घमराज लुइँटेलसँग गरिएको कुराकानीमा आधारित, हेर्नुहोस् लुइँटेल (२०६२) पनि ।

[६] इमेज एफएमका भरत शाक्यसँग गरिएको कुराकानीमा आधारित । इमेज प्लसले रेडियो नेपालको १०० मेगाहर्जसँग समय किनेर अगाडिदेखि नै कार्यक्रम सञ्चालन गरेको भए पनि त्यस बखतमा समाचार बजाइएको थिएन ।

यसरी जनतालाई सुसूचित गर्ने कार्यमा निजी क्षेत्रका रेडियोहरूले निकै ठूलो योगदान पुऱ्याइरहेका थिए। सरकारी नियन्त्रणमा रहेको रेडियो नेपालले प्रायः सरकारका स्वार्थ रहेका समाचारहरूको मात्र प्रसारण गर्ने र एक्लो रेडियो नेपालले सबै कुरा समेट्न नसकेको अवस्थामा निजी रेडियोहरूको प्रवेशले श्रोताहरूलाई निकै धेरै राहत मिलेको थियो । निजी रेडियोहरूले समाचार प्रसारण गर्ने भएको कारणले सरकारले लुकाउन चाहेका क्रियाकलाप पनि जनतासमक्ष सहजै पुगिरहेका थिए। जुन रेडियोहरू लोकप्रिय हुनुको प्रमुख कारण पनि थियो ।

रेडियोहरूले स्वतःस्फूर्त रूपमा गरेको र त्यसबाट राष्ट्रलाई कुनै पनि हानिनोक्सानी नभएको भए पनि सूचना तथा सञ्चार मन्त्रालयको २०५७ साल पुस १८ को मन्त्रीस्तरीय[७] निर्देशनले ८ महिना पूरै वास्तविक रूपमा समाचारहरू बजेनन् भन्दा पनि हुन्छ ।[८] २०५७ पुस १८ मा सूचना तथा सञ्चार मन्त्रालयले निर्देशन जारी गरी आफ्नै सङ्कलनबाट समाचार बजाउन नपाउने गरी बन्देज लगाएको थियो । यो सरकारको निजी क्षेत्रका रेडियोहरूलाई पनि रेडियो नेपालकै झङ्केलो सन्तान बनाउने प्रयास थियो। त्यस निर्देशन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(२) (क) बमोजिमको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र धारा १६ बमोजिमको सूचनाको हकको विरुद्धमा छ भनी सर्वोच्च अदालतमा यो लेखक र सुदीप पौडेलले रिट निवेदन दिएकोमा सर्वोच्च अदालतले २०५८ साउन ११ को आदेशद्वारा सरकारको निर्देशनलाई बदरमात्र गरेन अत्यन्त दूरगामी महत्त्वका सिद्धान्तहरू पनि कायम गऱ्यो । ती सिद्धान्तहरू पछि परेका मुद्दाहरू, विभिन्न समिति तथा अन्तरिम संविधान, २०६३ का समेत आधार बने ।

एफएम रेडियोको क्षेत्रमा अहिलेसम्म थुप्रै मुद्दाहरू परेका छन् । यो लेखकसमेत निवेदक भएको र रघु मैनाली निवेदक भएको दुईओटा मुद्दा बाहेकका अन्य मुद्दाहरू तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको बेलामा जारी गरिएका

---

[७] मार्टिन चौतारीद्वारा प्रकाशित *रेडिया पत्रकारिता : एफएममा समाचार र संवाद* नामक पुस्तकमा यो निर्देशन मन्त्रिपरिषद्को निर्णयद्वारा सूचना तथा सञ्चार मन्त्रालयबाट जारी गरिएको भनिएको छ (हुमागाईं २०६२ : १२७) तर त्यो गल्ती हो । यो मन्त्रिपरिषद्को निर्णय नभई मन्त्रिस्तरीय निर्णयबाट जारी भएको थियो । उक्त निर्देशनको पूर्णपाठ महेशप्रसाद अधिकारी संयोजक रहेको एक कार्यदलको प्रतिवेदन (अधिकारी २०६१) को अनुसूची ४ मा पनि राखिएको छ ।

[८] रेडियोहरूले *गोरखापत्र*का समाचारहरू भने पढी नै रहेका थिए । तर आफ्नै स्रोतबाट समाचार सङ्कलन गरेर समाचार बजाएका थिएनन् ।

अध्यादेश तथा निर्देशनको विरुद्धमा परेका मुद्दा हुन् ।[९] मुद्दा परिसकेपछि राजनीतिक र कानूनी अवस्था परिवर्तन भैसकेको हुनाले कतिपय मुद्दाहरू केवल अभिलेखको रूपमा रहने भए पनि सिद्धान्तहरू प्रतिपादन नभएको कारणले चर्चा र विश्लेषण गरिएको छैन ।

*आफ्नै मुद्दाको कुरा*[१०]

नेपाली काँग्रेसका तर्फबाट तत्कालीन सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ताले २०५७ पुस १८ मा निजी क्षेत्रबाट सञ्चालित रेडियोहरूलाई स्वतन्त्र रूपमा समाचार बजाउन नदिने मन्त्रीस्तरीय निर्णय गरी निर्देशन जारी गरेको कारणले रेडियोहरू आफैँले समाचार सङ्कलन गरेर प्रसारण गर्न रोक लाग्यो । यसको परिणामस्वरूप समाचार प्रसारण गर्नेहरू पनि 'श्रव्य-गोरखापत्र' भएका थिए । तत्कालीन सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ताको निर्णयले जारी भएका चारओटा निर्देशनहरूमध्ये पहिला तीनओटालाई चाहिँ हामीले चुनौती दिएका थियौं ।[११] चौथो निर्देशन रेडियोको अर्थसँग सम्बन्धित भएको हुनाले चुनौती दिइएको थिएन ।

किन हाँक दिइयो त्यो निर्देशनलाई ?

मन्त्रालयले त्यो निर्देशन जारी गरेपछि रेडियोहरूबाट प्रसारण हुने समाचारहरू बन्दप्रायः थिए । समाचार पढ्नेले पनि *गोरखापत्र*का समाचार पढ्थे । एउटा रेडियो स्टेसनका जिम्मेवार पदाधिकारीले बीबीसी नेपाली सेवालाई दिएको प्रतिक्रिया "सरकारले गरेको राम्रै होला" भन्ने थियो । अर्थात् अदालतबाहिर विरोध गर्नेबाहेक अवज्ञा गर्ने काम भएको थिएन । त्यो निर्देशन विनाचुनौती चुपचाप पालना भैरहेको थियो ।

कुनै पनि रेडियो स्टेसन तथा त्यसबाट प्रत्यक्ष प्रभावित हुने पत्रकारहरूले नदिँदानदिँदै पनि हामीले किन चुनौती दियौं ? त्यस बखतको हाम्रो विचारलाई पाठक सामु राख्नु उचित हुन्छ । हामीले त्यो निर्देशनलाई चुनौती दिनुमा निम्न कारणहरू थिए :

---

[९] ती निर्देशनहरू जस्ताको तस्तै पछाडि अनुसूचीहरूमा उतारिएको छ ।

[१०] माधब कुमार बस्नेतसमेत वि. श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयसमेत, *नेपाल कानून पत्रिका,* २०५८, संयुक्ताङ्क ७ र ८, पृ. ३९२, नि.नं. ७०१८ ।

[११] ती निर्देशनहरूलाई अनुसूची ४.१ मा जस्ताको त्यस्तै उतारिएको हुनाले यहाँ उल्लेख गरिएको छैन ।

१. पत्रकारिता वा आमसञ्चारका माध्यम जनताको अभिव्यक्ति स्वतन्त्रताको लागि हो र पत्रकारहरूले जनतालाई प्राप्त अभिव्यक्ति स्वतन्त्रतालाई नै पेसागत रूपमा प्रयोग गर्ने भए पनि त्यो जनताको अधिकार हो । सरकारले जनताको अभिव्यक्ति स्वतन्त्रतालाई रोक लगाउन त्यसका माध्यमलाई नै रोक लगाउँछ । यसको कारण के हो भने पाँच मिनेटपछि हाम्रो दिमागले के सोच्छ भनेर स्वयं हामी नै भन्न सक्दैनौं भने सरकारले त्यसलाई उत्पन्न हुनबाट रोक्न सक्दैन । त्यसैले विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई रोक लगाउनको लागि एउटैमात्र उपाय विचार अभिव्यक्त गर्ने माध्यमलाई रोक लगाउनु हो र सरकारले त्यही गरेको थियो । त्यसैले त्यसको प्रत्यक्ष असर जनताको मौलिक अधिकारमा परेको थियो ।

२. रेडियो फ्रिक्वेन्सीको व्यवस्थापक सरकार भए पनि रेडियो सञ्चालनको मालिक सरकार होइन । यो सार्वजनिक सम्पत्ति हो भन्ने मान्यताको स्थापना गर्नु थियो । यदि यसको स्थापना भएको खण्डमा सरकारले जनताको अभिव्यक्तिको स्वतन्त्रतामा कहिले पनि हस्तक्षेप गर्न सक्दैनथ्यो ।

३. आमसञ्चारका अन्य माध्यमहरूभन्दा रेडियो सबैभन्दा प्रभावकारी माध्यम हो । किनभने बहिराबाहेक अपठितलाई पनि यसले सहयोग पुऱ्याउँछ । यसको उपयोग खर्च पनि न्यून भएको हुनाले रेडियोमा सबै जनताको सहज पहुँच हुन सक्छ । त्यसैले यसको विस्तार जरुरी थियो ।

४. त्यो निर्देशनलाई चुनौती नदिएको भए मन्त्रालयले बन्द गर्न चाहेको अवस्थामा रेडियोहरू बन्द गराउन सक्थ्यो । किनभने कुन कार्यक्रम प्रसारण गर्ने भनेर निर्धारण गर्न पनि मन्त्रालयको प्रतिनिधिको आवश्यक पर्दथ्यो । मन्त्रालयको प्रतिनिधिलाई नपठाइएको अवस्थामा कुनै पनि कार्यक्रम नै स्वीकृत नहुने हुनाले मन्त्रालयलाई जहिले पनि 'ज्यू-हजूर' गरिरहनु पर्ने अवस्था आउँथ्यो । त्यसो हुँदा निजी क्षेत्रमा रेडियो खोल्नुको औचित्य हुँदैनथ्यो ।

५. मन्त्रालयले प्रतिनिधि पठाएको खण्डमा पनि गीत नै बजाउनु परेमा पनि उसको सहमति अति आवश्यक थियो । उसको सहमतिबेगरका कुनै पनि कार्यक्रम पूर्वस्वीकृतिको लागि मन्त्रालयमा पुग्न पनि पाउँदैनथे ।

६. माथिका दुईओटा सर्त (४ र ५) पूरा भए पनि रेडियोहरूले सोझै कार्यक्रम प्रसारण गर्न पाउँदैनथे । शोक धून वा मङ्गल धून बजाउन पनि मन्त्रालयको पूर्वस्वीकृति आवश्यक थियो । मन्त्रालयको प्रतिनिधिसमेत रहेको समितिबाट स्वीकृत कार्यक्रम प्रसारण हुनु कम्तीमा एक हप्ताअघि नै मन्त्रालयमा पठाउनु पर्दथ्यो र त्यहाँबाट स्वीकृत भएर आएपछि मात्र बजाउन पाइन्थ्यो ।

काठमाडौं उपत्यकामा रहेका रेडियोहरूलाई त मन्त्रालय पनि काठमाडौंमै भएको कारणले केही सजिलो हुन्थ्यो होला तर काठमाडौंबाहिर रहेका रेडियोहरू प्राय: बन्द हुने अवस्थामा पुग्थे ।

७. सुरुमा रेडियोका संयोजकको अध्यक्षतामा समितिले स्वीकृत गरे पनि मन्त्रालय पुगेपछि रेडियोका प्रतिनिधिको कुनै पनि संलग्नता नहुने भएकोले मन्त्रालयको मनोमानी हुन्थ्यो । पहिला स्वीकृत भैसकेको कार्यक्रम बजाउन पाउनु पर्छ भनेर अडान लिने मानिस पनि हुँदैनथ्यो । मन्त्रालयमा त्यो कार्यक्रम स्वीकृत वा अस्वीकृत गर्ने अधिकारी को हो भन्ने पनि निश्चित थिएन । त्यसले कति समयभित्र स्वीकृत वा अस्वीकृत गरिसक्नु पर्दछ भन्ने पनि थिएन । त्यसैले कालान्तरमा रेडियो स्टेसनहरू बन्द गर्ने उद्देश्य नै यसमा झल्किन्थ्यो ।

८. मन्त्रालयले रोक लगाउन चाहेको कार्यक्रम रोक लगाउन सक्ने थप व्यवस्था भएको हुनाले एउटा कार्यक्रममा तेहरो प्रतिबन्ध[१२] लगाइएको थियो । जसको कारणले रेडियो खोल्नुको औचित्य नै समाप्तप्राय: हुन्थ्यो ।

९. यस निर्देशनले “सूचनामूलक कार्यक्रम भन्नाले शिक्षा, स्वास्थ्य, कृषि, उद्योग-वाणिज्य, पर्यटन, प्रविधि, परिवार नियोजन, वन र विज्ञान तथा वातावरणसम्बन्धी क्षेत्रमा विकासमूलक, उत्पादनमूलक एवं जनउपयोगी सूचनाहरू प्रसार गर्ने, साथै सीप विकास गर्ने स्वरोजगार सिर्जना गर्ने र राष्ट्रको उत्पादकत्व बढाउने प्रकृतिका कार्यक्रमहरू मात्र प्रसारण गर्न पाइने” भनी राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ११ ले निर्धारण गरेका प्राथमिकता तोकेका दसओटा विषयलाई पनि साँघुर्‍याएको थियो । जसको परिणामस्वरूप राजनीतिक, सांस्कृतिक तथा धार्मिक आदि उद्देश्य भएका कुनै पनि कार्यक्रम प्रसारण गर्न रोक लगाएको थियो । जुन राष्ट्रिय प्रसारण ऐन तथा नियमावली दुवैको विपरीत थियो ।

## सानो कानूनी खेल

कुन कानूनको आधारमा मन्त्रालयले त्यो निर्देशन जारी गरेको हो भन्ने उल्लेख गरिएको थिएन । मन्त्रालयको निर्देशनलाई बदर गर्नको लागि मात्र त्यो मुद्दा

---

[१२] (१) मन्त्रालयको प्रतिनिधि नभए प्रसारण हुने कार्यक्रम निर्धारणको लागि बैठकै नबस्ने; (२) प्रतिनिधि उपस्थित भएमा समेत उसबाट अस्वीकार गरेका कार्यक्रम बहुमतले स्वीकृत गरे पनि त्यस्ता कार्यक्रम अन्तिम स्वीकृतिको लागि मन्त्रालय पठाउन नपाइने; र (३) यी दुईओटा सर्तहरू पूरा भए पनि मन्त्रालयले चाहे जुनसुकै कार्यक्रममा पनि रोक लगाउन सक्ने ।

विशेष इजलास[१३]मा पुऱ्याउनु आवश्यक थिएन । संयुक्त इजलासले पनि सक्थ्यो । सुरुमा संयुक्त इजलासबाट नै सुनुवाइ हुने गरी निवेदन तयार गरिएको थियो । तर पछि सोच आयो – संयुक्त इजलासमा जाने गरी दर्ता गरेको खण्डमा जित्दा पनि सानो इजलासको नजीर हुने भएकोले अर्को संयुक्त इजलासले राय बझाएर[१४] त्यसलाई तीन जना न्यायाधीशको इजलासमा पठाई अमान्य घोषणा हुन सक्ने सम्भावना सधैँ रहन्छ । त्यसैले विशेष इजलासबाट फैसला भएको खण्डमा त्यसलाई उल्टाउन कठिन हुने भएकोले जसरी पनि विशेष इजालसमा लानु उचित लाग्यो । यसको अर्को फाइदा के भने जब मुद्दा विशेष इजलासमा पुग्छ, त्यसको सुनवाई पनि चाँडै हुन्छ ।[१५] त्यसैले यसलाई दुवै दृष्टिकोणबाट विशेष इजलासमा लैजान उपयुक्त थियो । तर त्यसको लागि ऐन नियममा ठाउँ खोज्दाखोज्दै दुई दिन थप बित्यो । मन्त्रालयले कुनै कानूनको आधारमा त्यो निर्देशन जारी गरेको भन्ने उल्लेख नभएको हुनाले भर गर्न सकिने कुनै पनि व्यवस्था भेटिएन । त्यसैले अन्तिममा गएर राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ)[१६] र ९ को खण्ड (झ)[१७] बमोजिम मन्त्रालयले यस्ता गैरकानूनी निर्देशन दिनसक्ने र अहिले दिएको आदेश पनि निर्देशनमा प्रस्ट नखुलाएको भए पनि त्यसैको आधारमा दिएको भनेर ती दुवै नियमको व्यवस्था संविधान तथा ऐनसँग बाझिएकोले खारेज गरिपाऊँ भनेर मुद्दा दर्ता गरी विशेष इजलासमा पुऱ्याइयो ।

---

[१३] न्यायाधीशहरूले मुद्दाको सुनुवाइ गर्ने स्थानलाई इजालस (Bench) भनिन्छ । इजलास ४ किसिमका छन् : (१) एक न्यायाधीशमात्र बसेर सुनुवाइ गर्ने 'एक न्यायाधीशको इजलास/एकल इजलास' । (२) दुईजना न्यायाधीश बसेर सुनुवाइ गर्ने 'संयुक्त इजलास' । यस इजलासले पुनरावेदन र रिट दुवै सुनुवाइ गर्दछ । (३) तीनजना वा त्यसभन्दा बढी (सामान्यतः बिजोडी) न्यायाधीशहरू बसेर सुनुवाइ गर्ने पूर्ण इजालास जसले पुनरावेदनको रूपबाट सर्वोच्चमा पुगेका मुद्दाहरूको सुनुवाइ गर्दछ; र (४) तीन वा तीनभन्दा बढी (सामान्यतः बिजोडी) न्यायाधीशहरू बसेर कानूनको वैधानिकताको प्रश्न उठेका विषयमा सुनुवाइ गर्ने 'विशेष इजलास' ।

[१४] दुई जना न्यायाधीशको फरकफरक मत हुनुलाई 'राय बझाउनु' भनिन्छ भने समानस्तरको अर्को इजलासको आदेश वा फैसलासँग असहमत हुनुलाई 'रुलिङ बझाउनु' भनिन्छ ।

[१५] विशेष इजलास सामान्यतः बिहीबार बस्छ र थोरै मुद्दा भएको कारणले सुनुवाइको चाँडो पालो आउँछ ।

[१६] यस नियमको यस खण्डमा कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले पालन गर्नु पर्ने सर्तहरू अन्तर्गत "मन्त्रालयले आवश्यक सम्झी तोकिदिएका अन्य सर्तहरू पालन गर्नु पर्ने" भन्ने व्यवस्था छ ।

[१७] यसमा "मन्त्रालयले समय-समयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू" प्रसारण गर्न नपाइने भनी प्रतिबन्ध लगाएको छ ।

मुद्दाको उपलब्धि

भाग्यवश भनौँ, यो मुद्दाको आदेश[१८]को क्रममा तत्कालीन अवस्थामा रहेका (संवैधानिक कानून र मौलिक अधिकारको सम्बन्धमा) उत्कृष्ट न्यायाधीशहरू– लक्ष्मणप्रसाद अर्याल, केदारनाथ उपाध्याय र टोपबहादुर सिंहको इजलास गठन भयो र त्यसै इजलासले मुद्दाको सुनुवाइ गरी २०५८ साउन ११ मा आदेश गऱ्यो । उक्त आदेशले सञ्चार मन्त्रालयद्वारा लगाइएको गैरकानूनी प्रतिबन्धमात्र बदर गरेन । त्यो फैसलाले निम्न कालजयी सिद्धान्तहरू समेत बसाल्यो :

१. प्रसारण माध्यमलाई छापामाध्यम सरह नै संवैधानिक संरक्षण : विद्युतीय सञ्चारमाध्यमलाई स्पष्ट रूपमा संवैधानिक संरक्षण थिएन । तर छापामाध्यमलाई भने नेपालको संविधान २०४७ को धारा १३ ले असाध्य बलियो संरक्षण दिएको थियो । संविधानको धाराको शीर्षकबाट पनि र यसभित्रका विषयको आधारमा पनि संविधानले केवल छापामाध्यम र छापाखानाको लागिमात्र रक्षा गरेको थियो । जसभित्र प्रसारणका माध्यमहरू पर्दैनथे । सर्वोच्चको यही आदेशले विद्युतीय सञ्चारमाध्यमलाई पनि समान संवैधानिक संरक्षण प्रदान गर्दै आदेशमा लेख्यो :

> विद्युतीय सञ्चारमाध्यमको तीव्र विकास भइरहेको वर्तमान अवस्थामा रेडियोलाई सबैभन्दा सशक्त एवं प्रभावकारी सञ्चारमाध्यमको रूपमा स्वीकारिएको पाइन्छ। रेडियो जस्तो प्रभावकारी सञ्चारमाध्यमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका समसामयिक गतिविधिसँग सम्बन्धित समाचार तथा विचारहरू सर्वसाधारणलाई उपलब्ध गराएर जनचेतना अभिवृद्धि गर्नमा अहम् भूमिका खेल्दछ भन्ने कुरामा कसैको पनि दुई मत हुन सक्दैन। यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्त्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोको माध्यमबाट प्रसारण गर्ने र रेडियोद्वारा सार्वजनिक महत्त्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अङ्गको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ। त्यस्ता आम विद्युतीय सञ्चारमाध्यमबाट विचार तथा अभिव्यक्ति आदान प्रदान गर्ने स्वतन्त्रताका सम्बन्धमा पनि माथि उल्लेखित प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक प्रत्याभूति समान रूपमा लागू हुने हुन्छ। आम विद्युतीय सञ्चारमाध्यमबाट स्वतन्त्र एवं निर्बाध रूपमा

---

[१८] रिटको निर्णयलाई 'आदेश' भनिन्छ, अन्य मुद्दाको निर्णयलाई फैसला र अदालतबाहेक अन्य अर्द्ध-न्यायिक निकायबाट गरिएका निर्णयलाई 'निर्णय' नै भनिन्छ ।

> विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोगमा लगाइने कुनै पनि प्रतिबन्धले अन्ततः विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कुण्ठित हुन जाने हुँदा त्यस्तो प्रतिबन्ध पनि मनासिव रूपमा कानूनद्वारा मात्र लगाउन सकिने हुन्छ।[१९]

यो मुद्दा रेडियोसँग सम्बन्धित भएको हुनाले फैसलामा रेडियोको विषयमा प्रमुखता दिएर लेखिएको भए पनि यसले सम्पूर्ण विद्युतीय सञ्चारमाध्यमलाई समेटेको छ। आदेशको यो सिद्धान्त सञ्चारको क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा लाग्नेलाई जानकारीमा रहेको सिद्धान्त हो।

२. उपभोक्ताको हकको सुनिश्चितता : राष्ट्रिय प्रसारण ऐन तथा अन्य कुनै पनि नेपाल कानूनमा सूचनामा उपभोक्ताको अधिकारको विषयमा कुनै पनि कुरा उल्लेख छैन। जसको कारणले रेडियो स्टेसनबाट जुन कुरा प्रसारण गरियो त्यसको विरुद्धमा कुनै पनि कानूनी बाटो थिएन। तर यो मुद्दामा निवेदकले माग गरेबमोजिम नै उपभोक्ताको अधिकारलाई पनि स्थापना गरिएको छ। जसबाट सञ्चारमाध्यमहरूले अब उपभोक्ताको अधिकारलाई बेवास्ता गर्न सक्ने अवस्था छैन। यस सम्बन्धमा सर्वोच्च अदालतले निम्न शब्दहरूमा प्रस्ट रूपमा उल्लेख गरेको छ :

> विद्युतीय सञ्चारमाध्यमको रूपमा रहेको रडियोबाट प्रसारण गरिने कार्यक्रमहरू सर्वसाधारण जनताहरूको लागि नै प्रसारण गरिने र आमश्रोताहरूलाई सुसूचित गर्ने उद्देश्यले प्रसारण गरिने हुँदा त्यस्ता कार्यक्रमहरू उपयोगी, प्रभावकारी एवं जानकारीमूलक हुनुपर्दछ। *सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित रेडियो जस्तो आम सञ्चारको माध्यमबाट प्रभावकारी एवं जानकारीमूलक सूचनाहरू प्रतिस्पर्धात्मक रूपमा समयमा नै प्रसारण गर्न पाउनुपर्ने कुरा एफएम रेडियो सञ्चालन गर्ने प्रसारण संस्थाको व्यावसायिक हितको लागि जति अपरिहार्य हुन्छ त्यस्तो सूचनाहरू स्वतन्त्र एवं निर्बाधरूपमा समयमा नै प्राप्त गर्नुपर्ने कुरा सर्वसाधारण श्रोताहरूको हितको लागि अझ बढी महत्त्वपूर्ण हुन्छ। रेडियो जस्तो आमसञ्चारको माध्यमबाट सर्वसाधारण जनताले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता तथा सार्वजनिक महत्त्वको विषयमा सूचना पाउने हकको उपभोग हुने हुन्छ। त्यस्तो माध्यमबाट प्रसारण हुने कार्यक्रममा सर्वसाधारण श्रोताको हितलाई प्राथमिकता दिनुपर्ने हुनाले त्यस्तो कार्यक्रमका सम्बन्धमा श्रोताहरूको अधिकारले विशेष महत्त्व राख्दछ।*[२०]

---

[१९] *नेपाल कानून पत्रिका,* २०५८, संयुक्ताङ्क ७ र ८, पृ. ४०२-४०३।

[२०] *नेपाल कानून पत्रिका,* २०५८, संयुक्ताङ्क ७ र ८, पृ. ४००। जोड लेखकको हो।

३. सरकारी एकाधिकारको अन्त्य : सरकारी निर्देशनले आफैँले समाचार सङ्कलन गरी प्रसारण गर्न प्रतिबन्ध लगाएकोमा त्यसलाई अदालतले समाचार सङ्कलन गर्नमा सरकारी एकाधिकार कायम गरेको भनेर त्यस्तो एकाधिकारको अन्त्य गरिदियो । यसबारेमा फैसलामा भनिएको छ :

> राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेका महत्त्वपूर्ण गतिविधिहरू प्रसारण गर्नुपर्दा निजी स्तरमा सञ्चालित एफएम रेडियो प्रसारण गर्ने संस्थाहरूले आफैँले समाचार सङ्कलन गरी प्रसारण गर्न रोक लगाई त्यस्ता समाचारहरू सरकारी स्वामित्वमा रहेका प्रसारण संस्था वा सरकारका आधिकारिक समाचार स्रोतहरूबाट प्राप्त गरेर मात्र प्रसारण गर्न सक्ने गरी समाचार सङ्कलन र प्रसारणमा सरकारी एकाधिकार कायम गर्न खोजेको स्पष्टतः देखिन आयो । कार्यक्रम प्रसारणमा कायम गर्न खोजिएको यसप्रकारको एकाधिकारले अन्ततः सार्वजनिक महत्त्वको विषयमा स्वतन्त्र एवं निष्पक्ष रूपमा जानकारी लिन पाउने नागरिकको हक एवं विचार अभिव्यक्तिको स्वतन्त्रतामा नै बन्देज लाग्न जाने देखिन्छ ।[२१]

यो सिद्धान्त रेडियोहरूको समाचार आत्मनिर्भरताको लागि बलियो सिद्धान्त हो ।

४. अप्रजातान्त्रिक प्रतिबन्ध लगाउन नसक्ने : अर्को महत्त्वपूर्ण सिद्धान्तको रूपमा सर्वोच्च अदालतले "राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) ले विपक्षी मन्त्रालयलाई प्रसारण संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू तोक्न सक्ने अधिकार प्रदान गरेको भए तापनि सो अधिकार प्रयोग गरी जारी गरिने सर्त तथा निर्देशनहरू संविधान तथा कानूनको परिधिभित्र सीमित रहेर जारी गर्नुपर्ने र त्यस्तो निर्देशनबाट संविधान प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाउन वा मौलिक हकलाई सङ्कुचित गर्न नमिल्ने"[२२] भनी घोषणा गरिदियो । तत्काल देख्दा यो कुरा राष्ट्रिय प्रसारण नियमावलीको सन्दर्भमा मात्र लागू हुने जस्तो देखिए पनि वास्तवमा यो सिद्धान्त यस्तै प्रकारका पछि बन्ने जुनसुकै नियममा पनि समान रूपमा लागू हुन्छ । सरकारले नियमबाहिर गएर प्रतिबन्ध लगाउन नसक्ने गरी यसले रोक लगाइदिएको

---

[२१] *नेपाल कानून पत्रिका,* २०५८, संयुक्ताङ्क ७ र ८, पृ. ४०५ ।

[२२] *नेपाल कानून पत्रिका,* २०५८, संयुक्ताङ्क ७ र ८, पृ. ४०६ ।

र नियमभित्र पारेर प्रतिबन्ध लगाउन अति विस्तृत नियम बनाउन खोजे पनि त्यो नियम स्वयंलाई चुनौती दिन सकिने भएकोले भविष्यका लागि यसको पनि अहम् महत्त्व छ ।

यो आदेश एउटा मुद्दामा एउटा प्रसङ्गमा मात्र लागू हुने नभई यसले प्रसारणको सन्दर्भमा एउटा शान्त क्रान्ति नै ल्याएको छ र यो आदेश नै यसपछिका नीति, फैसला तथा संविधान समेतको लागि आधार बिन्दु बन्यो ।

यो मुद्दाको प्रभावको लागि सरकारबाट गठन भएका विभिन्न समितिहरूको प्रतिवेदनलाई हेर्न सकिन्छ । जसको उदाहरणको रूपमा भारतदत्त कोइरालाको अध्यक्षतामा गठित समितिले आफ्नो प्रतिवेदनमा "एफएम रेडियो मनोरञ्जनका साथसाथै नेपालको सन्दर्भमा सूचना र शिक्षाको पनि प्रमुख स्रोत भएको, साथै अभिव्यक्ति स्वतन्त्रताको सन्दर्भमा सर्वोच्च अदालतले समेत समाचार प्रसारण गर्न रोक लगाउन नमिल्ने भनी फैसला गरिसकेकोले एफएम सञ्चालनको अनुमति दिँदा सूचना र समाचार प्रसारणको अनुमति दिने" (कोइराला २०५९ : ६) भनी उल्लेख गरेको छ भने महेशप्रसाद अधिकारीको संयोजकत्वमा गठित समितिले पनि यसको उल्लेख गर्दै यो फैसलाको छायाँप्रति नै प्रतिवेदनसाथ राखेको छ (अधिकारी २०६१) ।

अर्कातिर यही मुद्दामा प्रतिपादित सिद्धान्तको आधारमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ लाई २०४७ सालको संविधानको धारा १३ सँग बाझिएको हुनाले अमान्य घोषणा गरिपाऊँ भनेर नारायणदत्त कँडेलले एउटा मुद्दा हाल्नुभएको थियो । उक्त मुद्दामा आदेश गर्दा सर्वोच्च अदालतले मिति २०६३ जेठ ४ देखि लागू हुने गरी उक्त दफा ८ असंवैधानिक घोषणा गरिदियो । जसको परिणामस्वरूप सरकारले अब रेडियो तथा टेलिभिजनको दर्ता खारेज गर्न सक्दैन ।[२३] त्यस्तै, अधिवक्ता रविराज भण्डारीसमेतको मुद्दा (जसले यसलाई मानव अधिकारको रूपमा स्थापित गरेको छ) समेतको लागि पनि यो आधारको रूपमा रहेको छ ।[२४] संविधान र कानूनहरू फेरिँदै जालान् । तर यो मुद्दामा सर्वोच्च अदालतले जुन फैसला दिएको छ, त्यो फैसलाका सिद्धान्तहरू ती सबैको आधारबिन्दु बनी नै रहने छन् ।

---

[२३] यो मुद्दाको विषयमा छुट्टै चर्चा यसपछाडि गरिएको छ ।

[२४] हेर्नुहोस् रविराज भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, *नेपाल कानून पत्रिका,* २०६३, अङ्क ३, पृ. ३१४ ।

साथै, सरकारको नीतिलाई दोष दिँदै स्वतन्त्र रेडियोको समाचार कक्षमा लगानी गर्न हिच्किचाइरहेका लगानीकर्ताहरूलाई पनि सर्वोच्च अदालतको यो आदेशले उनीहरूले दिने दोषको बाटो बन्द गरिदिएको निष्कर्ष प्रत्यूष वन्तको छ (वन्त सन् २००६) ।

मन ढुख्ने कुरा

अधिकारको अर्थ प्रयोग गर्न सक्नेलाई मात्र हुँदो रहेछ । रेडियो सरकारको लागि होइन, जनताको लागि हो भनेर २०५८ सालमा नै स्थापित भयो । तर रेडियोहरूले त्यसको अर्थ अहिलेसम्म पनि बुझेका रहेनछन् भन्ने देखिन्छ ।

सर्वोच्च अदालतले कार्यक्रमको निर्धारणका लागि मन्त्रालयबाट प्रतिनिधि तोक्ने निर्देशनलाई अवैध घोषणा गरेपछि पनि मन्त्रालयबाट त्यस्ता प्रतिनिधि तोकिए । तर आफ्नो स्थापित अधिकारबमोजिम त्यस्तो सरकारी व्यवहारको रेडियोहरूले विरोध गर्न सकेनन् । बरु त्यसको सट्टामा रेडियोहरू ती प्रतिनिधिलाई 'पकेट खर्च' दिएर पठाउँछन् भन्ने जानकारीमा आएको छ । यसरी प्रतिनिधि तोकिएको यथार्थ विवरण महेशप्रसाद अधिकारी कार्यदलको प्रतिवेदन (अधिकारी २०६१) मा प्रतिनिधिको नाम-नामेसीसहित उल्लेख छ (हेर्नुहोस् अनुसूची ४.६) । यसरी रेडियोहरूले आफ्नो अधिकार अहिलेसम्म पनि बुझ्न सकेनन् भने मन्त्रालयले सर्वोच्च अदालतको फैसला विपरीत सिङौरी खेलिरहेको छ । यदि रेडियोहरूले आफ्नो अधिकार बुझेको भए त्यसरी फैसला विपरीत पुनः प्रतिनिधि तोक्दा अदालतको अपहेलनामा मुद्दा चलाउन सक्नुपर्दथ्यो । अरूले त वातावरण तयार गरिदिने हो, तर त्यसलाई व्यवहारमा उतार्ने काम उनीहरूकै हो । उनीहरूले अझै पनि किन र के स्वार्थले अवैध कामलाई निरन्तरता दिइरहेका छन्, त्यो एउटा पहेली बनेको छ ।

*रघु मैनालीको मुद्दा*[२५]*: एउटा अनपेक्षित खराब परिणाम*

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ५ ले प्रसारण इजाजत लिनको लागि तोकिएको दस्तूरसहित निवेदन दिनुपर्ने व्यवस्था गरेको छ र दफा १४ ले तोकिएको दस्तूर लिई विज्ञापन प्रसारण गर्न पाउने व्यवस्था गरेको छ । त्यस्तै, दफा १० मा कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा श्री ५ को

[२५] रघु मैनाली वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत, *नेपाल कानून पत्रिका,* २०५९, संयुक्ताङ्क ११ र १२, पृ. ७४१-७५३, नि.नं. (निर्णय नं.) ७१५२ ।

सरकार (हाल नेपाल सरकार) वा तोकिएको संस्थालाई तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनुपर्ने शुल्क तोकिएबमोजिम हुने व्यवस्था गरिएको छ। सोबाहेक प्रसारण संस्थाले इजाजतबापत कुनै दस्तुर तिर्नुपर्ने वा नवीकरणबापत कुनै दस्तुर तिर्नुपर्ने व्यवस्था ऐनले गरेको छैन। राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ७ को उपनियम (१) मा ऐनको दफा ५ मा उल्लेख गरिएबमोजिम निवेदन दस्तुर तोकिएको र उपनियम (२) मा भने इजाजत पत्र र अनुमति पत्र दिँदा लाग्ने दस्तुर तोकिएको छ। सरकारलाई त्यस्तो दस्तुर तोक्ने अधिकार ऐनको दफा ५ ले दिएको छैन। त्यसैले नियम ७ (२) को व्यवस्था र सोसँग सम्बन्धित अनुसूची ५(ख) को व्यवस्था राष्ट्रिय प्रसारण ऐनसँग बाझिएको छ।

त्यस्तै, ऐनको दफा १० बमोजिम कुनै प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा मात्र सरकारलाई वा तोकिएको संस्थालाई तोकिएको शुल्क तिर्नु पर्ने हो। अरूलाई कार्यक्रम वितरण नगरी सञ्चालन गरेको छ वा आफैँद्वारा निर्मित वा अरू कसैको कार्यक्रम प्रसारण वा पुनः प्रसारण गरेको छ भने त्यस्तो शुल्क तिर्नुपर्ने व्यवस्था सो दफामा छैन। ऐनको दफा १० को कार्यान्वयनका लागि नियमावलीको नियम ११(१) मा व्यवस्था गर्दा ऐनको दफा १० मा भएको प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा भन्ने वाक्यांश हटाई त्यसको सट्टामा कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्थाका व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको ४ प्रतिशत रकम सरकारलाई रोयल्टीको रूपमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ। सरकारलाई प्रसारकहरूबाट कुनै रोयल्टी लिने गरी नियम बनाउने अधिकार ऐनले दिएको छैन। त्यसैले सरकारले निर्माण गरेको राष्ट्रिय प्रसारण नियमावलीको नियम ७ (२) र ११ विपरीत बनेको हुनाले उक्त व्यवस्थाहरू नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १७, ६८(२) र ७३(१) सँग बाझिएको हुँदा उत्प्रेषणको आदेशद्वारा प्रारम्भ भएको मितिदेखि नै बदर गरी पाऊँ भन्ने माग गर्दै २०५७ असार २६ मा रिट दायर गरिएको थियो।[२६] तर दाबी गरिएको

[२६] उक्त संविधानको धारा ११ मा समानताको हकको प्रत्याभूति छ; धारा १७ मा सम्पत्तिसम्बन्धी हकको प्रत्याभूति छ; धारा ६८(२) मा "अर्थ विधेयक, शाही नेपाली सेना वा सशस्त्र प्रहरीसम्बन्धी विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिने छ। श्री ५ को पूर्व स्वीकृति लिएर मात्र त्यस्तो विधेयकमा संशोधन पेश गर्न सकिनेछ। त्यस्तो स्वीकृति सदनको अध्यक्षता गर्ने व्यक्तिमार्फत प्राप्त हुनेछ" भन्ने छ। त्यस्तै धारा ७३(१) मा "कानून बमोजिमबाहेक कुनै कर लगाइने र उठाइने छैन" भन्ने छ।

विषयसँग प्रत्यक्ष सरोकार राख्ने धारा १२ (२) (क), धारा १३ र धारा १६ को दाबी गरिएको थिएन।[२७] रिटको सुरुमा "पत्रकारिताको क्षेत्र केवल छापामा मात्र सीमित रहने होइन र नेपाल जस्तो भौगोलिक स्थिति भएका राष्ट्रमा पत्रकारिता र नागरिकको सुसूचित हुन पाउने अधिकारको सबैभन्दा प्रभावकारी प्रयोगको माध्यम न्यून लगानीका सामुदायिक रेडियो हुन सक्ने कुरामा विवाद हुन सक्दैन, त्यसैले नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माणपश्चात् सो संविधानले प्रदत्त गरेको सुसूचित हुने अधिकारको प्रत्याभूतिको एउटा खण्डको रूपमा संसदले राष्ट्रिय प्रसारण ऐन, २०४९ को निर्माण गरियो"[२८] भनेर उल्लेख गरे पनि यही व्यहोरासँग सम्बन्धित धाराहरू नै उल्लेख गरिएन।

फेरि कानून लागू भैसकेको लामो समय भैसकेपछि त्यो कानूनबमोजिम धेरै काम भैसक्ने हुनाले प्रारम्भदेखि नै बदर घोषणा गरियोस् भनी माग पनि राखिँदैन र बदर नै गर्नुपर्ने निष्कर्षमा पुगेको अवस्थामा पनि अदालतले बदर गर्नुभन्दा अघि नै भैसकेका कामहरूलाई बैधता दिँदै निर्णय भएको मितिदेखि मात्र बदर घोषणा गर्दछ। यो रिट दर्ता भएको मिति २०५७ असार २६ गते अगाडि नै दर्जनौं रेडियो तथा टेलिभिजनले इजाजत-पत्र प्राप्त गरिसकेका थिए र रिट निवेदनमा पनि सञ्चालनमा आएका रेडियो सगरमाथा, स्पेशटाइम नेटवर्क, कान्तिपुर एफएम, हिमालयन ब्रोडकास्टिङ, मेट्रो एफएम, साँग्रिला च्यानल, इमेज च्यानलसमेत सातओटा प्रसारण संस्थालाई विपक्षी नै बनाइएको थियो। यसरी नियम लागू भएको पनि ५ वर्ष १ महिना[२९] पछि दर्ता गरिएको रिटमा किन प्रारम्भदेखि नै अमान्य र बदर घोषणाको माग गरियो यो पनि कारण बुझ्न सकिएन।

## मुद्दाको परिणाम

अदालतले २०५९ जेठ २ मा यस मुद्दाको आदेश गर्दा सर्वोच्च अदालतको विशेष इजलासले मूल प्रश्नमा निम्न आदेश गर्‍यो :

> कुनै कानून प्रत्यक्ष एवं स्पष्ट रूपमा संविधानसँग बाझिएको अवस्थामा मात्र यस (अदालतले आफ्नो[३०]) अधिकार क्षेत्रको प्रयोग गर्न सक्छ। शङ्कास्पद तथा अस्पष्ट

---

[२७] धारा १२ (२) (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रताको, धारा १३ मा प्रेससम्बन्धी अधिकारको र धारा १६ मा सूचनाको हकसम्बन्धी अधिकारको प्रत्याभूति गरिएको छ।

[२८] रिट निवेदनको प्रकरण (२)।

[२९] राष्ट्रिय प्रसारण नियमावली २०५२ साल जेठ २८ गतेदेखि लागू भएको हो।

[३०] भाषा नमिल्ने भएको हुनाले कोष्टभित्रका यी दुई शब्दहरू लेखकले थपेको हो।

आधारमा कुनै कानूनलाई संविधानसँग बाझिएको भनी अवैध घोषणा गर्न मिल्दैन। कुनै कानूनलाई संविधानसँग बाझिएको छ भनी चुनौती दिने पक्षले सो कानून संविधानको यो धारासँग यो यति कारणले बाझिएको छ भनी स्पष्ट निवेदन जिकिर लिनसक्नु पर्दछ। केवल कुनै ऐन वा नियमको यो यस्तो व्यवस्था संविधानको यो धारासँग बाझिएको छ भन्ने उल्लेख गर्नुमात्र पर्याप्त हुँदैन। विवादास्पद कानूनको प्रावधानले संविधानको कुन धाराद्वारा प्रदत्त मौलिक हकमा के कसरी अनुचित बन्देज लगाएको छ वा कानूनको त्यस्तो व्यवस्था संविधानको कुन धारासँग के कस्तो आधार कारणले बाझिएको छ भन्ने कुरा पर्याप्त कारणसहित प्रत्यक्ष एवं वोधगम्य रूपमा प्रकाश पार्न नसकेको अवस्थामा संविधानको धारा ८८(१) अनुसारको आदेश जारी हुन सक्दैन।[३१]

त्यस अतिरिक्त अदालतले "सरकारद्वारा उपलब्ध गराइएको सेवा वा सुविधा उपभोग गरेबापत दस्तुर वा शुल्क (fees for the service redndered) लिइने भएकोले त्यस्तो शुल्क, दस्तुर वा रोयल्टीलाई करको संज्ञा दिन नमिल्ने भएकोले विवादित नियम ७(२) र ११ मा गरिएको दस्तुर तथा रोयल्टीसम्बन्धी व्यवस्थाहरू संविधानको धारा ११, १७, ६८(२) र ७३(१) सँग बाझिएको भन्न मिल्ने देखिएन" भनेर निष्कर्ष निकाल्यो। त्यस्तै, सो नियमलाई ठीक छ भन्ने सन्दर्भमा अदालतले ऐनको दफा ६ मा रहेको "ऐनको दफा ५ बमोजिमको निवेदन पर्न आएमा श्री ५ को सरकारले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको सर्त पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजत पत्र दिनसक्नेछ" भन्ने व्यवस्था गरेको छ। दफा ५ मा भएको व्यवस्थाबमोजिम प्रसारण संस्था वा व्यक्तिले पालना गर्नुपर्ने विभिन्न सर्तहरू नियमावलीमा तोक्न सक्ने नै देखिन्छ। त्यस प्रयोजनका लागि नियमावलीमा तोकिएका विभिन्न सर्तहरूमध्ये नियम ७(२) को व्यवस्था पनि एउटा सर्तकै रूपमा रहेको देखिन आउँछ। अदालतले सो निवेदन खारेज गर्नुको आधार खुलाउँदै भन्यो :

राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अध्ययन गर्दा रेडियो तथा टेलिभिजन स्थापना गरी कार्यक्रम प्रसारण गर्न पाउने एकाधिकार श्री ५ को सरकारमा रहेको देखिन आउँछ ...त्यसअनुसार श्री ५ को सरकारमा अन्तर्निहित रेडियो

---

[३१] रघु मैनाली वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत, *नेपाल कानून पत्रिका,* २०५९, संयुक्ताङ्क ११ र १२, पृ. ७४९-७५०, नि.नं.७१५२।

कार्यक्रम प्रसारण गर्ने अधिकारको उपभोग गरी रेडियो कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफ्नो वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम रोयल्टीको रूपमा श्री ५ को सरकारलाई बुझाउनु पर्ने गरी नियमावलीको नियम ११ मा सर्त तोकिएको देखिन्छ। उक्त नियममा तोकिएको सर्त सम्बन्धित प्रसारण संस्थाले स्वीकार गरिरहेको अवस्था मिसिल संलग्न विपक्षी प्रसारण संस्थाहरूका लिखित जवाफमा उल्लेख भएको पाइन्छ।[३२] यस्तो अवस्थामा नियमावलीको विवादित नियम ११ को व्यवस्थालाई ऐनको दफा १० को व्यवस्थाको आधारमा व्याख्या गरी निवेदन जिकिरअनुसार उक्त नियमको व्यवस्था ऐनको उद्देश्य तथा परिधिभन्दा बाहिर गई निर्माण गरिएको मान्न मिल्ने स्पष्ट आधार समेत देखिन आएन।

करका सिद्धान्त/विधिशास्त्रको दृष्टिकोणबाट हेर्ने हो भने यो आदेशलाई पूर्णरूपमा गलत भन्ने ठाउँ छैन। यो मुद्दामा निवेदकले रिटमा उठाएको विषय अप्रत्यक्ष रूपमा सूचना तथा अभिव्यक्तिको हकसँग सम्बन्धित भए पनि प्रत्यक्ष रूपमा यसको सम्बन्ध छैन। रिट निवेदक स्वयंले पनि आफ्नो दाबीमा विचार र अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकको विषयमा दाबी लिएर जानु भएन। जसको कारणले पनि अदालतलाई रिट खारेज गर्न बल मिल्यो। अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको विस्तारको लागि त संविधानको धारा नै किटेर यो मुद्दामा माग राखिएको थिएन। एक त निवेदक स्वयंले दाबी गर्नुपर्ने धाराहरूको दाबी लिनुभएन भने अर्को दुःखको कुरा अदालतले व्याख्याको नाममा अपव्याख्या गर्‍यो। अदालतको यो आदेश निम्न कारणहरूले अपव्याख्या भएको छ :

१. राष्ट्रिय प्रसारण ऐन, २०४९ सर्वोच्च अदालतले भनेजस्तो प्रसारणमा सरकारको एकाधिपत्य कायम गर्न नभई यस अघि प्रसारणमा रहेका सरकारी एकाधिकारलाई अन्त्य गर्न आएको ऐन हो। त्यो कुराको प्रमाण यो ऐन स्वयं नै हो। यस अघि कायम रहेका प्रसारण सञ्चारका माध्यमहरू– नेपाल टेलिभिजन सञ्चार संस्थान ऐनअन्तर्गत स्थापित संस्था हो भने रेडियो नेपाल विकास समिति ऐन, २०१३ बमोजिम जारी रेडियो नेपाल गठन आदेश,

[३२] रिट निवेदनमा रेडियो सगरमाथा, कान्तिपुर एफएम, स्पेशटाइम नेटवर्क, हिमालयन ब्रोडकाष्टिङ, मेट्रो एफएम, साँग्रिला च्यानल, इमेज च्यानललाई पनि विपक्षी बनाइएको थियो र तिनीहरूले आफूले रोयल्टी तिरिरहेको लिखित जवाफ दिएका थिए।

२०४१ द्वारा स्थापित संस्था हो। जसको सञ्चालनको लागि छुट्टै ऐनको आवश्यकता थिएन। त्यस अतिरिक्त रेडियो नेपाल तथा नेपाल टेलिभिजनलाई यस ऐन अन्तर्गत राखिएको पनि छैन।

२. दफा ३ ले सरकारलाई प्रसारण कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकारमात्र दिएको छ भने दफा ५ ले "स्याटेलाइट, केबल र अन्य सञ्चारका माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले" इजाजत पत्र लिन पाउने व्यवस्था गरेको छ। साथै, ऐन निर्माणको उद्देश्य झल्काउने प्रस्तावनामा "समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्बाध रूपले प्रसारण गर्नेसम्बन्धमा व्यवस्था गर्न" यो ऐन बनेको भनिएको छ।

३. यस ऐनले कहीँ पनि सरकारले नै वा सरकारले मात्रै प्रसारण संस्था चलाउने भन्ने व्यवस्था गरेको छैन।

४. विश्वका अन्य मुलुकहरूले रेडियो तरङ्गहरूलाई सरकारी सम्पत्ति होइन सार्वजनिक सम्पत्तिको रूपमा मानेका छन्। भारतको सर्वोच्च अदालतले सन् १९९५ मा नै रेडियो तरङ्गहरू सार्वजनिक सम्पत्ति हुन् भनेर व्याख्या गरिसकेको थियो।[३३] अमेरिकामा सञ्चार ऐन, सन् १९३४ द्वारा रेडियो तरङ्गलाई सार्वजनिक सम्पत्ति/सार्वजनिक स्वामित्वको मानिएको छ। जब सार्वजनिक सम्पत्ति हुन्छ तब त्यसमा न सरकारको एकाधिकार रहन्छ न त रेडियो सञ्चालन गर्नेले प्राप्त गरेको इजाजतको आधारमा उसको स्थायी सम्पत्ति नै बन्न सक्छ। त्यो सार्वजनिक सम्पत्ति भएको कारणले निश्चित समयपछि प्रतिस्पर्धाको आधारमा अन्य व्यक्तिले पनि त्यही मिटर (मेगाहर्ज) मा सञ्चालन गर्न पाउँछन्। त्यसैले अदालतले अपव्याख्याको आधारमा सरकारी एकाधिकार भएको व्याख्या गर्‍यो।

---

[३३] Secretary, Ministry of Information and Communication v. Cricket Association of Bengal, AIR 1995 SC 1236. यस मुद्दामा भारतीय सर्वोच्च अदालतले 'The airwaves or frequencies, are a public property. Their use has to be controlled and regulated by a public authority in the interest of the public and to prevent the invasion of their rights. Since the electronic media involves the use of the airwaves, this factor creates an in-built restriction on its use as in the case of any other public property.' (See the same decision at para. 24 at p.1282.) भनेर फैसला दियो। जसको कारणले भारतमा सरकारी एकाधिकारको अन्त्य गर्‍यो र निजी रेडियोको स्थापनाको लागि नीति बनाउन भारतीय सरकार बाध्य भयो।

५. यो मुद्दाभन्दा करिब दस महिनाअघि फैसला गर्ने विशेष इजलासले दिएको आदेशलाई यो इजलासले देखेको नदेख्यै गऱ्यो। सरकारी एकाधिकार भन्नुभन्दा अघि यस इजलासले उक्त मुद्दाको आदेशलाई हेर्नु आवश्यक थियो। त्यो फैसलाले सरकारी एकाधिकारको अन्त्य गरेको थियो। निवेदकको तर्फबाट यदि नदेखाइएको भए पनि प्रमाण ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम अदालत स्वयंले न्यायिक जानकारी लिनुपर्ने अदालतको कानूनी कर्तव्य थियो।

यसर्थ, यो मुद्दा रेडियोलाई आर्थिक रूपले सबल गराउने उद्देश्यले दर्ता गरिएको भए पनि यसको परिणाम पूरै नकारात्मक रह्यो।

## निरङ्कुश काल

तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते राजकीय अधिकार लिएपछि त्यसको पहिलो शिकार आमसञ्चारका माध्यम बने। आफूले राजकीय अधिकार हातमा लिने बित्तिकै सङ्कटकालीन अवस्थाको घोषणा गरे र सङ्कटकालको बहानामा एकै दिनमा निजी क्षेत्रका रेडियोलाई अवरोध पुऱ्याउन दुई किसिमका आदेश जारी गरिए। राजपत्रमा निकालिएको सूचनामा “विशुद्ध मनोरञ्जनका कार्यक्रम” मात्र प्रसारण गर्नुपर्ने भन्ने छैन भने त्यही दिनको परिपत्रमा चाहिँ त्यो कुरा उल्लेख छ (हेर्नुहोस् अनुसूची ४.२ र ४.३)। मन्त्रालयले मात्रै आदेश नगरी त्यसको कार्यान्वयनको लागि क्षेत्रीय प्रशासन कार्यालयले, जिल्ला प्रशासन कार्यालय र प्रहरीलाई समेत लेख्यो (हेर्नुहोस् अनुसूची ४.५)।

प्रजातान्त्रिक कालको बेलामा विरोध गर्न सजिलो वातावरण भए पनि मर्कामा पर्ने रेडियोहरूबाट सशक्त विरोध भएको थिएन। असहज परिस्थिति भए पनि निरङ्कुश कालमा भने रेडियोहरूले सशक्त विरोध गरे। अघिल्लो कालमा एउटा मात्र मुद्दा पऱ्यो भने यसकालमा निजी सरोकारका र सार्वजनिक सरोकारका गरी दर्जनौं मुद्दाहरू परे। अदालतले उत्तरार्द्धमा आएर केही सशक्तता देखाए पनि पूर्वार्द्धमा संरक्षकको भूमिका खेल्न सकेन। जसको कारणले अदालतप्रतिको आस्थामा पनि निकै क्षय भयो। तत्कालीन विशिष्ट परिस्थिति, आवश्यकता, अदालतको कर्तव्य र अदालतप्रतिको आस्था यी चार कुराहरूलाई आधार मानेर मूल्याङ्कन गर्ने हो भने अदालतले निरङ्कुश कालको अन्त्यतिर र त्यसपछि गरेका आदेशले अघिल्लो अवस्थामा देखिएको संवैधानिक कर्तव्यवोधको अभाव र

त्रुटिलाई परिपूर्ति गर्न सक्दैन । त्यसैले प्रसारण वा प्रकाशनका माध्यमबाट अदालतका विषयमा कडा टिप्पणीहरू समेत गरिए ।

२०६३ वैशाख ११ गते राजाबाट संसदको पुनःस्थापना भएको कारणले राजाको प्रत्यक्ष शासनको अन्त्य भयो र नयाँ सरकार बन्यो । त्यो सरकारले २०६३ वैशाख २९ गते निर्णय गरी राजाद्वारा अध्यादेशले संशोधन गरिएका सबै ऐनलाई पुरानै अवस्थामा पुऱ्याइदिएको कारणले करिब करिब सबै मुद्दाहरूको औचित्य समाप्त भयो र अदालतले पनि अधिकांश मुद्दाहरूलाई त्यही आधारमा खारेज गऱ्यो । त्यसैले त्यस कालका जुन जुन मुद्दाहरूका आदेश महत्त्वपूर्ण छन् तिनीहरूको विषयमा मात्र यहाँ चर्चा र विश्लेषण गरिएको छ । अर्को स्मरणीय कुरा के छ भने यी मुद्दाहरूको निर्णय हुँदाको अवस्थासम्म पनि नेपाल अधिराज्यको संविधान, २०४७ नै कायम थियो । २०६३ सालको अन्तरिम संविधानले प्रसारण माध्यमलाई पनि छापामाध्यम सरह संवैधानिक संरक्षण दिए पनि त्यसको आधार यिनै मुद्दाहरूमा अदालतले गरेका व्याख्या हुन् । अन्तरिम संविधान लागू भएपछि यस्ता विषयका मुद्दा परेका छैनन् ।

### *विनोद ढुङ्गेलको मुद्दा*[३४]

राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा शासन हातमा लिएपछि २० गते नै आदेश जारी गरेर एफएम रेडियोहरूलाई केवल "विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम"[३५] हरू मात्र प्रसारण गर्न आदेश जारी गरियो । त्यसरी आदेश जारी गरेपछि राष्ट्रिय

---

[३४] विनोद ढुङ्गेल वि. श्री ५ को सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, *नेपाल कानून पत्रिका,* २०६३, अङ्क ३, पृ. ३०१ । यो मुद्दा लगायतका शाही शासनकालका अन्य मुद्दा तथा घटनाहरूको लागि विस्तृत जानकारीको लागि हेर्नुहोस्– ढुङ्गेल (२०६४) ।

[३५] २०६१ माघ २० को *राजपत्र*मा प्रकाशित सूचना तथा सञ्चार मन्त्रालयको सूचनामा "विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम" भन्ने वाक्यांश परेको छैन (हेर्नुहोस् अनुसूची ४.२) । तर सोही मितिमा शाखा अधिकृतले सही गरेको श्रव्य-दृष्य शाखाबाट "आदेशानुसार जानकारी गराइएको" भनिएको निर्देशनमा यो वाक्यांशको प्रयोग गरिएको छ । तर कसको आदेशअनुसार भन्ने जनाइएको छैन । तर त्यसपछिका हरेक पत्रहरूमा त्यो वाक्यांश राखिएको छ । *राजपत्र*मा प्रकाशित सूचना र मन्त्रालयले रेडियो स्टेसनलाई पठाएको पत्रहरूको व्यहोरा हेर्दा यदि अदालतले हस्तक्षेप नगरेको भए कुनै हालतमा पनि तत्कालीन सरकार समाचार प्रसारण गर्न नदिनेमा अडिग थियो भन्ने पुष्टि हुन्छ । *राजपत्र*मा अमूक कार्यक्रममात्र प्रसारण गर्नू भन्ने थिएन । केवल निषेधात्मक विषयमात्र जनाइएको थियो बाँकी सबै खुला राखिएको थियो । तर यो निर्देशनमा "विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम" मात्र प्रसारण गर्नू भनी बाँकी सबै किसिमका कार्यक्रमलाई बाहेक गरिएको थियो । ताजुब लाग्ने कुरा के छ भने *राजपत्र*को सूचना र निर्देशन एकै मिति (२०६१ माघ २०) का छन् ।

प्रसारण नियमावली, २०५२ को नियम ८(च) बमोजिम त्यो आदेश जारी गरिएको भनेर त्यो नियमावलीको विरुद्धमा पत्रकार विनोद ढुङ्गेलले मुद्दा दर्ता गर्नुभयो। जसमा राष्ट्रिय प्रसारण ऐन, २०५२ को दफा ७ ले राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी कुनै विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कार्यक्रम प्रसारण गर्न ६ महिनासम्मको लागि रोक्ने अधिकार सरकारलाई दिएको छ। तर यता राष्ट्रिय प्रसारण नियमावली, २०५२ को दफा ८ को खण्ड (च) ले युद्ध वा सङ्कटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रम मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने भनी तोकेको सर्त ऐनको दफा ७ सँग बाझिएको हुनाले त्यस नियमावलीलाई अमान्य र बदर घोषणा गरी पाऊँ भनेर दिएको निवेदनमा निर्णय भएको मिति २०६३ वैशाख २१ देखि लागू हुने गरी बदर गऱ्यो। यो नियम बदर गर्दा सर्वोच्च अदालतले ऐनको दफा ७ ले कुनै विषय, घटना वा क्षेत्र, तीनओटा विषयसँग सम्बन्धित कार्यक्रममात्र रोक लगाउन सक्ने गरिएकोमा नियमावलीले ऐनले नै परिकल्पना नगरेको युद्ध र सङ्कटकालको समयमा मन्त्रालयले तोकेको कार्यक्रममात्र प्रसारण गर्न पाउने गरी सीमित गरेकोले ऐनको उल्लेखित व्यवस्थाको विपरीत सर्त लगाएको भन्ने आधारमा नियमावलीको त्यो व्यवस्था खारेज भयो। यसको परिणामस्वरूप अब सरकारको अधिकार केवल ती तीनओटा विषयमा मात्र सीमित हुन पुगेको छ। ती तीनओटा विषयहरू छोडेर सरकारले कुनै पनि प्रतिबन्ध लगाउन नपाउने भएको छ। जसले गर्दा अब सरकारले कुनै सर्त तोकेमा वा कुनै कार्यक्रम मात्र प्रसारण गर्नू भनेर आदेश दिन नसक्ने भएको छ। निर्देशन दिनेबेलामा पनि सरकारले दफा ७ मा भएका तीनओटा विषयभित्र पर्दछ कि पर्दैन भनेर पुनः सोच्नु पर्ने भएको छ।

राष्ट्रिय प्रसारण ऐनको दफा ७ को चर्चा गर्दा जोडेर हेर्नु पर्ने अर्को मुद्दा नारायणदत्त कँडेलेको पनि हो।[३६] यो मुद्दामा उहाँले छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन, २०४८ को दफा १५ (१) मा राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना र क्षेत्रसँग सम्बन्धित समाचार, सूचना, वा अन्य कुनै पाठ्य सामग्री सोही सूचनामा तोकिएको अवधिसम्मको लागि प्रकाशित गर्न नपाउने गरी वा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्ने अधिकार र राष्ट्रिय

[३६] नारायणदत्त कँडेलले २०६२ को रिट नं. ५६ र सोही सालको रिट नं. ७७ गरी दुईओटा रिट दर्ता गर्नुभएकोमा रिट नं. ७७ को विषयमा छुट्टै चर्चा गरिएको छ। यहाँ ती दुईओटा मध्येको रिट नं. ५६ को विषयमा उल्लेख गरिएको हो।

प्रसारण ऐन, २०४९ को दफा ७ को राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास घटना, विषय वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण गर्न नपाउने गरी रोक लगाउने सक्ने छ भन्ने व्यवस्था संविधानको धारा १३(१)[३७] सँग बाझिएको हुनाले उक्त दफालाई गैरसंवैधानिक र अमान्य घोषणा गरी पाऊँ भनेर दाबी लिनु भएको छ । यसमा सर्वोच्च अदालतले मिति २०६३ जेठ ४ मा उक्त दाबी गरिएका दफाहरू संविधानको धारा १३(१) सँग नबाझिएको हुनाले अमान्य घोषणा गर्नु नपर्ने भनी रिट खारेज गरेको छ । यसबाट राज्यले राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी निश्चित घटना, विषय र क्षेत्रसँग सम्बन्धित प्रसारणमा रोक लगाउन सक्ने सरकारी अधिकारलाई थप मान्यता दिएको छ ।

*नारायणदत्त कँडेलको मुद्दा*[३८]

माथि नै विवेचना गरिएको लेखकसमेत निवेदक भएको मुद्दामा गरिएको आदेशबाट सर्वोच्च अदालतले धारा १३ को व्यवस्था विद्युतीय सञ्चारमाध्यमको लागि पनि समान रूपमा लागू हुन्छ । अर्थात् विद्युतीय सञ्चारमाध्यमहरूले पनि धारा १३ को समान संरक्षण पाउँछन् भनेर नजीर कायम गरिसकेको थियो । तर राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ मा "कुनै पनि प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजत पत्र रद्द गर्न सक्नेछ" भन्ने व्यवस्था कायमै रहेको हुनाले माधब कुमार बस्नेतसमेत विरुद्ध श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयसमेत[३९] भएको मुद्दामा विद्युतीय सञ्चारमाध्यमले पनि धारा १३ को समान संरक्षण पाउँछन् भनेर सिद्धान्त कायम गरिसकेकोले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ को व्यवस्था धारा १३ सँग बाझिएको हुनाले अमान्य र बदर घोषणा गरिपाऊँ भन्ने मागका साथ उक्त मुद्दा परेको थियो ।

यो मुद्दामा निवेदकको मागबमोजिमको आदेश जारी गर्दा सर्वोच्च अदालतले "प्रसारण संस्था र प्रकाशन एवं छापाखाना संस्था एउटै वा फरक के हुन् ? र संविधानको धारा १३ को परिधिभित्र यी सबै संस्थाहरूले हकको उपभोग गर्न

---

[३७] त्यस धारामा "कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाइने छैन" भन्ने व्यस्था छ ।

[३८] २०६२ सालको विशेष रिट नं. ७७, आदेश मिति २०६३ जेठ ४ ।

[३९] *नेपाल कानून पत्रिका,* २०५८, संयुक्ताङ्क ७ र ८, पृ. ३९२, नि.नं. ७०१८ ।

सक्छन् सक्दैनन् ?" लाई मूल प्रश्नहरूको रूपमा लिई विद्युतीय सञ्चारमाध्यम र छापामाध्यम एकै हुन् भनेर ठम्यायो र निर्णय भएको मितिदेखि लागू हुने गरी राष्ट्रिय प्रसारण ऐनको दफा ८ लाई अमान्य र बदर घोषणा गऱ्यो । अदालतले यस्तो ठम्याइका निम्न आधारहरू दिएको छ :

१. प्रकाशन एवं छापाखाना संस्थाले कुनै समाचार लेख वा अन्य कुनै पनि प्रकारको पाठ्य सामग्री प्रकाशन गर्ने गर्दछन् भने प्रसारण संस्थाले कुनै पनि समाचार, लेख वा अन्य प्रसारण योग्य सामग्रीको प्रसारण गर्दछन् ।
२. प्रकाशन संस्थाले प्रकाशन गरेको विषयलाई भौतिक अस्तित्वमा हामी देख्न, पढ्न सक्छौं भने प्रसारण संस्थाले प्रसारण गरेको सामग्री हामी देख्न र सुन्न सक्छौं । साथै यसको रेकर्ड विद्युतीय उपकरण (मा)[४०] संरक्षण गरी राख्न सक्छौं ।
३. यी बीचको भिन्नता भनेकै एउटाको कार्य ठोस रूपमा देखिनु र अर्कोको कार्य विद्युतीय उपकरणमा राखी ती उपकरणको सहायताले हेर्न, देख्न र सुन्न सकिनेमा मात्रामा फरक भएको पाइन्छ ।
४. अन्य कुराका सम्बन्धमा प्रसारण संस्था र प्रकाशन एवं छापाखाना संस्थाको कार्य त्यसको प्रकृति र जनसाधारणमा यसबाट पर्ने प्रभाव सबै समान हुने र यी संस्थाहरूले गर्ने कार्यसमेत समान भई त्यति भिन्न रहेको मान्न सकिन्न ।[४१]

अदालतले २०५८ सालको आदेशबाट प्रतिपादित सिद्धान्तलाई थप सशक्तीकरण गर्ने उद्देश्यले यति समानता देखाउन खोज्यो । समान संरक्षणको लागि यो राम्रो पक्ष हो । तर यसरी समान संरक्षण दिने सन्दर्भमा जुन किसिमका समानता देखाइयो र केही पनि फरक नै छैन जस्तो तर्क दिइयो ती तर्कहरू भने सतही र आंशिक रूपमा मात्र सही छन् । ती तर्कलाई नै आधार मान्ने हो भने यो फैसलाले पछि कुनै दिन अप्ठ्यारो पार्न पनि सक्छन् किनभने संविधान कानूनहरू फेरिए पनि अदालतद्वारा प्रतिपादित सिद्धान्तहरू उसैले फेरेमा वा जुन फैसला भएको छ त्यसलाई अमान्य हुने गरी स्पष्ट कानून बनेमा बाहेक हत्तपत्त फेरिँदैनन् । अदालत स्वयंले परिवर्तन गर्नको लागि त्यही प्रश्नसँग सम्बन्धित

---

[४०] आदेशको सकलमा 'उपकरण' शब्दमात्र भएको र त्यसबाट अर्थ नखुल्ने हुनाले कोष्ठभित्रको 'मा' लेखकले थपेको ।

[४१] मैले बूँदाको रूपमा बनाएको भए पनि अदालतको आदेशबाट सशब्द उतारिएका हुन् ।

विवाद अदालतमा निरूपणको लागि रहेको हुनुपर्दछ । नत्र अदालतले जतिसुकै परिवर्तनको आवश्यकता महसुस गरे पनि त्यसलाई परिवर्तन गर्न सक्दैन ।

अदालतले भनेजस्तो नभई विद्युतीय सञ्चार, खास गरी रेडियो र टेलिभिजन र छापामाध्यममा निम्न मूल भिन्नता हुन्छन्[४२]:

१. रेडियो तरङ्गहरू सार्वजनिक/प्राकृतिक सम्पदा : नेपालमा रेडियो तरङ्गहरूलाई सार्वजनिक सम्पत्तिको रूपमा अहिलेसम्म प्रस्टसँग स्वीकार गरिएको छैन । रेडियो तरङ्गहरू सार्वजनिक सम्पत्ति हुन् भन्ने स्थापित कुरा हो । अमेरिकामा सन् १९३४ मा नै सार्वजनिक सम्पत्ति भनेर सङ्घीय सञ्चार आयोग ऐनले स्वीकार गरेको छ भने भारतमा सन् १९९५ मा सर्वोच्च अदालतले घोषणा गरिसकेको छ । त्यसैले रेडियो तरङ्गहरू प्राकृतिक सम्पदा भएको कारणले राज्यले चाहेजति बढाउन सक्दैन । तर छापामाध्यमहरू जति पनि दर्ता र सञ्चालन हुन सक्छन्, प्राकृतिक सीमा हुँदैन ।
२. अनिच्छित दखल (Intrusiveness) : जसरी छापामाध्यमलाई वितरक तथा उपभोक्ता दुवैबाट नियन्त्रण गर्न सकिन्छ, त्यसरी रेडियो तरङ्गहरूलाई नियन्त्रण गर्न सकिँदैन । हो रेडियो वा टेलिभिजन नराखे/सञ्चालन नगरे नियन्त्रण हुन सक्छ । तर यो त्यसको उपयोग होइन । पूर्व चेतावनीले पूर्णरूपमा श्रोता तथा दर्शकलाई अनपेक्षित कार्यक्रमको प्रसारणबाट बचाउन सक्दैन । त्यसैले रेडियो तरङ्गले अनिच्छित रूपमा दखल दिन सक्छ ।
३. व्यापकता (Pervasiveness) : व्यापकता नै प्रसारण माध्यमको अर्को विशेषता हो । पत्रपत्रिका जति सङ्ख्यामा छाप्यो लगभग त्यतिजनासम्म पुग्छ तर रेडियो तरङ्ग एकपटक प्रसारण गर्दा त्यसको प्राविधिक क्षमताअनुसार सम्भव भएको सबै जनसमूहमा एकैपटक पुग्दछ ।
४. पहुँच नियन्त्रणमा असम्भव (Inability to Control Access) : यो बूँदा माथि (२) र (३) सँग सम्बन्धित छ । चलचित्र, छापा तथा केवल सञ्चारको पहुँचमा नियन्त्रण गर्न सकिन्छ तर रेडियो तरङ्गलाई नियन्त्रण गर्न सकिँदैन । उदाहरणको लागि काठमाडौँको कुनै रेडियोको प्रसारण काभ्रे जिल्लाको पाँचखालमा नसुनिन सक्छ तर पाँचखालभन्दा धेरै टाढा दोलखाको कालिञ्चोक डाँडा वा खरिढुङ्गामा प्रस्ट सुनिन्छ । त्यहाँ नसुनिने गर्नको लागि न त

---

[४२] यससम्बन्धी थप जानकारीको लागि हेर्नुहोस् काटर र अरू (सन् २००३) तथा फ्र्याङ्कलिन र अरू (सन् २००५) ।

प्रसारक स्वयंले सक्छ न त स्रोताले । त्यसैले यो प्रसारण भएपछि प्रसारक तथा स्रोता दुवैको नियन्त्रणमा हुँदैन ।

५. प्रभावको हिसाबले पनि अदालती तर्क गलत छ । रेडियोबाट प्रसारण हुने कार्यक्रम बहिराबाहेक सबैलाई हुन्छ भने टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम बहिरा र अन्धासमेत सबैको लागि हुन्छ । टेलिभिजन बहिराले नसुने पनि त्यसबाट प्रसारण हुने चित्रले उसले कतिपय कुरा बुझ्न सक्छ भने अन्धाले चित्र नदेखे पनि आवाज सुन्न सक्छ। अर्कोतर्फ छापा सामग्री केवल पठितहरूको लागि मात्र हुन्छ । यसकारण छापाको प्रभाव कम र प्रसारणको प्रभाव बढी हुन्छ । त्यसैले यसको असर पनि अतुल्यरूपमा फरक हुन्छ ।

प्रसारण माध्यमका छापामाध्यमसँग यस्तै विभिन्न भिन्नता छन् । जुन अदालतले ख्याल गरेको छैन । यस्तै खालका मानवीय नियन्त्रणभन्दा बाहिरका धेरै तत्त्वहरू हुनाले नै प्रसारण माध्यमलाई छापामाध्यमभन्दा अलि कठोर रूपमा नियमन गरिन्छ । त्यो प्रसारण माध्यमलाई विभेदपूर्ण रूपमा गरेको व्यवहार नभई छापामाध्यमभन्दा प्राकृतिक रूपमा नै भिन्न भएको हुनाले यसबाट निस्कनसक्ने अनपेक्षित परिणामबाट जोगिन/जोगाउन त्यसो गरिएको हो ।

तर यसको अर्थ त्यो रिट खारेज गरिनुपर्दथ्यो भन्ने होइन । मूल अर्थ के हो भने ती प्राकृतिक रूपमै भिन्न छन्, तर समान संरक्षणका भागी छन् भनेको भए सही हुन्थ्यो । यसको अर्थ के हो भने यिनले पुऱ्याउने सेवाको दृष्टिकोणबाट समान संरक्षण भन्ने हो । सबै किसिमले समान भन्ने होइन । अर्थात् प्रकृति र काम दुवै समान भएको हुनाले समान संरक्षण नभई कार्य समानताको हिसाबले समानताको मान्यता हो ।

### *रविराज भण्डारीको मुद्दा*[४३]

राजा ज्ञानेन्द्रले शासन गैरसंवैधानिक रूपमा हातमा लिएपछि सञ्चारमाध्यमहरूलाई रोक लगाउन सङ्कटकालको बहानामा मन्त्रालयबाट राष्ट्रिय प्रसारण नियमावली

---

[४३] *नेपाल कानून पत्रिका,* २०६३, अङ्क ३, पृ. ३०९, नि.नं. ७६६१ । उही दिन आदेश भएको महेन्द्र विष्टसमेत वि. श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको मुद्दामा पनि मानव अधिकारको विषयमा उल्लेख गरिएको छ । त्यति बेला पत्रकार, डाक्टर, वकील, इन्जीनियर आदिको 'पापड' भन्ने सञ्जाल थियो । त्यही सञ्जालका सबैजना प्रतिनिधिहरू भएर संयुक्त रूपमा रिट दर्ता गरेका थिए । रिटको विषय समान थियो तसर्थ यहाँ उल्लेख गरिएको छैन । तर रविराज भण्डारीको मुद्दा प्रकाशित पनि भएको हुनाले यहाँ त्यो मुद्दालाई उल्लेख गरिएको हो ।

२०५२ को आधारमा विभिन्न निर्देशन दिने तथा थप सर्तहरू तोक्ने काम भए। यस्ता आदेशका विरुद्धमा धमाधम अदालतबाट मुद्दा पर्न थालेपछि त्यसलाई सशक्तीकरण गर्ने उद्देश्यले एकैपटक सञ्चारसँग सम्बन्धित ६ ओटा ऐनहरू अध्यादेशबाट संशोधन गरियो।[४४] अधिवक्ताद्वय रविराज भण्डारी र कहरसिंह खड्काले संयुक्त रूपमा त्यो संशोधनलाई असंवैधानिक घोषणा गरिपाऊँ भनेर मुद्दा दिनुभएको थियो। जसमा निवेदकहरूले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १९,[४५] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा १९[४६] द्वारा प्रत्याभूत अधिकारविरुद्ध प्रतिबन्ध लगाइएको भनेर दाबी लिनुभएको थियो।

तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन सुरु भएपछि आमसञ्चारका माध्यमलाई नियन्त्रण गर्न संशोधन गरिएको सबै व्यवस्थाहरू जनआन्दोलन सफल भएपछि बनेको सरकारले खारेज गरेर पुरानै अवस्थामा पुऱ्याइदियो। २०६३ वैशाख २९ बाट ती संशोधनहरूलाई खारेज गरिसकेकोले त्यसैको आधारमा केही थप कुरा नलेखी रिट निवेदन खारेज गर्न पनि अदालतले सक्थ्यो।[४७] तर अदालतले त्यही कारण देखाएर रिट खारेज गरे पनि- "नेपाल सन्धि ऐन २०४७ को दफा ९ मा रहेको कानूनी व्यवस्थाअनुसार नेपाल कानूनसरह मान्यता राख्ने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १९ को व्यवस्था, नेपाल

---

[४४] *नेपाल राजपत्र,* भाग २, खण्ड ५५, २०६२ असोज २३, अतिरिक्ताङ्क ४०, २०६२ सालको अध्यादेश नं. ३५। तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ बमोजिम अध्यादेशको अवधि बढीमा छ महिनासम्म मात्र हुने भएको कारणले आम सञ्चारहरू माथिको नियन्त्रण कायमै राख्नको लागि यो अध्यादेशलाई पुनः जारी गरिएको छ। हेर्नुहोस्– *नेपाल राजपत्र,* भाग २, खण्ड ५५, अतिरिक्ताङ्क ७९, अध्यादेशलाई मिति २०६२ चैत २१ (२०६२ सालको अध्यादेश नं. ७५)। संशोधित ऐनहरू– (१) रेडियो ऐन, २०१४, (२) राष्ट्रिय समाचार समिति ऐन, २०१९, (३) छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ (४) प्रेस काउन्सिल ऐन, २०४८, (५) राष्ट्रिय प्रसारण ऐन, २०४८ तथा (६) गाली र बेइज्जती ऐन, २०१६ हुन्।

[४५] यस धारामा "प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र प्रकाशनको अधिकार छ। विनाकुनै हस्तक्षेप मत ग्रहण गर्ने बिनारोकटोक कुनै पनि माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुनेछ" भन्ने छ।

[४६] अदालतको आदेशमा धारा १९ लेखिए पनि विशेषतः धारा १९ को उप-धारा (२) बढी प्रासङ्गिक छ। त्यसमा "प्रत्येक व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रता हुने छ। सीमानाको बन्देजविना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रूपमा अथवा आफ्ना छनोटका अन्य कुनै माध्यममार्फत सम्पूर्ण प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछन्" भन्ने छ।

[४७] जुन विषयलाई लिएर रिट निवेदन दिइएको हो त्यसको प्रासङ्गिकता सकिएपछि अदालतले अन्य विषयमा प्रवेश नगरी सामान्यतः खारेज गर्दछ। उदाहरणको रूपमा विनोदराज ज्ञवाली वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत आदेश मिति २०६३ असार २२ (अप्रकाशित)।

अधिराज्यको संविधान २०४७ को धारा १२ (२) (ङ), धारा १३, तथा धारा १६ मा व्यवस्थित विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, छापाखाना र पत्रपत्रिकासम्बन्धी हक तथा सूचनाको हक तथा उल्लिखित मौलिक हकका सम्बन्धमा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको सन्दर्भमा सञ्चारसम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा सञ्चारसम्बन्धी विभिन्न कानूनमा गरिएको संशोधित कानूनी व्यवस्थाहरू संविधानको धारा १२ (२) (क), धारा १३ र धारा १६ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १९ विपरीत रहेको देखिन आयो" भनी प्रसारणको अधिकारलाई मानव अधिकारको रूपमा पनि मान्यता दिएको छ। जसले गर्दा यसको जग अझ बढी दह्रो भएको छ।

## निष्कर्ष

भारतलाई सबैभन्दा ठूलो प्रजातान्त्रिक देश भनिन्छ। संसारको सबैभन्दा ठूलो संविधान पनि भारतकै छ। छापामाध्यमको स्वतन्त्रता, विकास र स्थायित्वको लागि भारतको सर्वोच्च अदालतले गरेका फैसलाहरूलाई अनुकरणीय मानिन्छन् भने सचिव, सूचना तथा सञ्चार मन्त्रालयविरुद्ध क्रिकेट एसोसिएसन बङ्गाल[४८] को मुद्दामा रेडियो तरङ्गहरू सार्वजनिक सम्पत्ति हुन् भनेर आदेश गरेपछि ल्याइएको नीतिमा पनि रेडियोहरूलाई समाचार, समसामयिक विषयहरू (Current Affairs) र राजनीतिक विषय प्रसारण गर्ने अधिकार दिइएको छैन। दक्षिण एसियाका अन्य देशहरूमा पनि यस्तो उदार व्यवस्था छैन। राजाको प्रत्यक्ष शासनकालमा जनताका अभिव्यक्तिका माध्यमहरूलाई तत्काल सहयोग र संरक्षण गर्न र उही अदालतका पूर्व नजीरहरूलाई दृढतापूर्वक लागू गर्नमा सर्वोच्च अदालत प्रस्टसँग हिच्किचाए पनि समग्रमा नेपालका निजी क्षेत्रबाट स्थापित रेडियोहरू दक्षिण एसियाकै लागि अनुपम उदाहरणको रूपमा स्थापित छन्।

नेपाल अधिराज्यको संविधान, २०४७ ले रेडियोको हकमा स्पष्ट व्यवस्था गरेन र प्रेस अधिकार भनेर सबै आमसञ्चारका माध्यमलाई समेट्ने व्यवस्था पनि गरेन। अर्थात् धाराको नाम नै छापाखाना र पत्रपत्रिकासम्बन्धी हक भन्ने राखेर निर्माताले प्रेस भन्नाले छापामाध्यमलाई मात्र बुझे भन्नु छुच्याइँ हुँदैन। तर

---

[४८] Secretary, Ministry of Information and Communication v. Cricket Association of Bengal, AIR (All India Reporter) 1995 SC (Supreme Court) 1236.

सर्वोच्च अदालतले यो धाराको 'अनौपचारिक संशोधन'[४९] गरेर यही धाराभित्र प्रसारण माध्यमको अधिकारको पनि प्रत्याभूत गरिएको छ भनेर संवैधानिक संरक्षण दिँदै मौलिक हकको रूपमा स्थापित गरिदियो। जसको माध्यमबाट प्रसारणका माध्यमहरू फस्टाउने आधार पाए।

अदालतका यी व्याख्याहरूको माध्यमबाट– (क) रेडियो लगायत प्रसारणका माध्यमहरूले मौलिक हकको रूपमा संवैधानिक संरक्षण पाए, (ख) अब प्रसारण मानव अधिकारको रूपमा स्थापित भयो, (ग) उपभोक्ताको हित संरक्षण गर्नुपर्ने बाध्यताबाट रेडियोहरूमा जिम्मेवारी पनि थपियो– चाहे व्यापारिक उद्देश्य राखिएर स्थापना गरिएका हुन् वा गैर व्यापारिक।

## सन्दर्भ सामग्री


अधिकारी, महेशप्रसाद, संयोजक। २०६१। फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली (एफएम रेडियो) को स्थापना एवं व्यवस्थापन सम्बन्धमा व्यवस्थित एवं पारदर्शी नीति तर्जुमा गर्न गठित सुझाव समितिको प्रतिवेदन। अप्रकाशित, सूचना तथा सञ्चार मन्त्रालय।

कोइराला, भारतदत्त, संयोजक। २०५९। विद्युतीय सञ्चारमाध्यमलाई व्यवस्थित र विकसित गरी सञ्चालन गर्ने बारेका सुझावहरू। अप्रकाशित प्रतिवेदन, श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय।

पौडेल, श्रीराम। २०६२। कान्तिपुर एफएमको समाचारलाई फर्केर हेर्दा। *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद*। प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. २६७-२९६। काठमाडौं : मार्टिन चौतारी।

मैनाली, रघु, सं.,। २०५९। *सामुदायिक रेडियो : प्रस्तावित कानून तथा सर्वोच्च अदालतको फैसला*। काठमाडौं : सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह।

लुइँटेल, घमराज। २०६२। हालचालको हालचाल। *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद*। प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. २२५-२६६। काठमाडौं : मार्टिन चौतारी।


---

[४९] अदालतको व्याख्याद्वारा हुने र व्यवहारबाट हुने परिवर्तनलाई 'अनौपचारिक संशोधन' भनिन्छ। अनौपचारिक संशोधनमा शब्द उही हुन्छन् तर व्यवहारमा फरक अर्थ भैरहेको हुन्छ। 'औपचारिक संशोधन' संविधान संशोधन गर्न अधिकार राख्ने निकाय; जस्तै संसदबाट गरिन्छ र त्यसरी भएको संशोधनमा संविधानका शब्दहरूसमेत परिवर्तन हुन्छन्।

वन्त, प्रत्यूष, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं. । २०६१ । *रेडियो नेपालको सामाजिक इतिहास*। काठमाडौं : मार्टिन चौतारी ।

वन्त, प्रत्यूष, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं. । २०६२ । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद*। काठमाडौं : मार्टिन चौतारी ।

हुमागाईं, देवराज । २०६२ । कानून, नीति तथा सरकारी रवैया । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद*। प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. ८७-१३७ । काठमाडौं : मार्टिन चौतारी ।

Cater, T. Barton, Marc A. Franklin and Jay B. Wright. 2003. *The First Amendment and the Fifth State : Regulation of Electronic Mass Media* (6th edition). New York : Foundation Press.

Franklin, Marc A., David A. Anderson and Lyrissa Barnett Lindsky. 2005. *Mass Media Law : Cases and Materials* (7th edition). New York : Foundation Press.

Onta, Pratyoush. 2006. Independent News in FM Radio. In *Mass Media in Post-1990 Nepal*, pp. 99-103. Kathmandu : Martin Chautari.

Tennyson, Lord Alfred. 2005. *Oxford Dictionary of Quotation* (4th edition). Angela Partington, ed. Oxford : Oxford University Press.

## अनुसूची ४.१

## तत्कालीन सूचना तथा सञ्चार मन्त्री जयप्रकाश प्रसाद गुप्ताले जारी गरेको निर्देशनसम्बन्धी परिपत्र[५०]

पत्र सङ्ख्या ०५७/५८–७८६

श्री रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल १०० मेगाहर्ज सिंहदरबार,
श्री कान्तिपुर एफएम प्रालि, पुल्चोक, ललितपुर,
श्री इमेज च्यानल प्रालि, पाको, न्यूरोड,
श्री नेपाल वातावरण पत्रकार समूह (रेडियो सगरमाथा), बखुण्डोल, ललितपुर,
श्री हिमालय ब्रोडकास्टिङ कम्पनी प्रालि, आरुबारी, बौद्ध, काठमाडौँ,
श्री हिट्स नेपाल प्रालि, नयाँ बानेश्वर, काठमाडौँ,
श्री कोशी एफएम प्रालि, विराटनगर, मोरङ,
श्री लुम्बिनी सूचना तथा सञ्चार सहकारी संस्था लि., रूपन्देही, श्री मदनपोखरा गाविस, पाल्पा,
श्री क्रियटिभ आइज मल्टिमेडिया एन्ड इन्टरटेन्मेन्ट प्रालि, मकवानपुर,
श्री काठमाडौँ महानगरपालिका (मेट्रो एफएम), काठमाडौँ,

### विषयः थप तथा संशोधित सर्तहरू पालना गर्नेबारे ।

उपरोक्त विषयमा राष्ट्रिय प्रसारण ऐन/नियमबमोजिम त्यहाँको नाममा जारी गरिएको एफएम रेडियो प्रसारणको इजाजतबमोजिम कार्यक्रम प्रसारण गर्दा तपसिलका थप तथा संशोधित सर्तहरूसमेत लागू हुने गरी मितिः २०५७/९/१८ को मन्त्रीस्तरीय निर्णयबमोजिम यो निर्देशन जारी गरिएको छ ।

(क) प्रसारण हुने कार्यक्रम निर्धारण गर्न प्रसारण संस्था सञ्चालन गर्ने इजाजत प्राप्त संस्थाको सञ्चालक अध्यक्षको संयोजकत्वमा मन्त्रालयको समेत प्रतिनिधित्व रहने गरी बढीमा तीन जनाको बोर्ड राख्ने । उक्त बोर्डको बेठक बस्न मन्त्रालयको प्रतिनिधिको

[५०] यो निर्देशन र यससम्बन्धी फैसलाको पूर्ण-पाठ अधिकारी (२०६१ : अनुसूची ४) तथा मैनाली (२०५९ : ५३-५५) मा पनि पुनःउतार गरिएको छ ।

उपस्थिति अनिवार्य हुने र मन्त्रालयको प्रतिनिधिको सहमति नभएको कार्यक्रम प्रसारण गर्न नपाइने । उपरोक्त बमोजिम गरी प्रसारण गरिने कार्यक्रमको विवरण कम्तीमा हप्ता दिनअगाडि सूचना तथा सञ्चार मन्त्रालयमा पेस गर्नुपर्नेछ, त्यस्तो कुनै कार्यक्रम प्रसारणमा मन्त्रालयले रोक लगाउन आवश्यक देखेमा सो गर्न सक्नेछ ।

(ख) इजाजत पत्रमा तोकिएको सूचनामूलक कार्यक्रमको हकमा सूचनामूलक कार्यक्रम भन्नाले 'शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वाणिज्य, पर्यटन, प्रविधि, परिवार नियोजन, वन र विज्ञान तथा वातावरणसम्बन्धी क्षेत्रमा विकासमूलक, उत्पादनमूलक एवं जनउपयोगी सूचनाहरू प्रसारण गर्ने साथै सीप विकास गर्ने, स्वरोजगार सिर्जना गर्ने र राष्ट्रको उत्पादकत्व बढाउने प्रकृतिका कार्यक्रमहरू' मात्र प्रसारण गर्न पाइनेछ ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए/गरेका महत्त्वपूर्ण गतिविधिहरू प्रसारण गर्नुपर्दा प्रसारण अवधिभित्र कुनै निश्चित समयको किटान गरी वा नगरी आफैंले समाचार सङ्कलन गरी आफ्नै स्रोतका आधारमा प्रसारण गर्न पाइने छैन । तर यस सन्दर्भमा श्री ५ को सकारकाका आधिकारिक समाचार स्रोत एवं श्री ५ को सरकारका स्वामित्वमा रहेका प्रसारण माध्यमको समाचार स्रोत निकायहरूबाट प्राप्त समाचार सामग्री प्रसारण गर्न पाउने । प्रसारण संस्थाहरूले Second Hand Information (विभिन्न सञ्चारमाध्यमहरूका सामग्री उद्धृत वा साभार गर्दा) प्रयोग गरी प्रसारण गर्दा त्यसको सत्यताको यकिन गरी र सर्वमान्य आचारविधिको परिधिभित्र रही मात्र प्रसारण गर्न पाइनेछ ।

साथै,

(घ) राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ (१) बमोजिम श्री ५ को सरकारलाई बुझाउनुपर्ने रोयल्टीबापतको रमक प्रत्येक आषाढ मसान्तसम्म संस्थाले गरेको कुल आम्दानीको विवरणसहित आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र बुझाउनुपर्ने छ । आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने संशोधित व्यवस्था गरिएको छ ।

**अनुसूची ४.२**

## श्री ५ को सरकार
## सूचना तथा सञ्चार मन्त्रालयको
## सूचना २[५१]

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट सम्वत् २०६१ साल माघ १९ गते बक्स भएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्षरूपमा दुरुत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठच-सामग्री, अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारणमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लङ्घन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को व्यवस्था बमोजिम कारबाही हुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

आज्ञाले,<br>
मुकुन्द शर्मा पौडचाल<br>
श्री ५ को सरकारको सचिव

---

[५१] *नेपाल राजपत्र,* खण्ड ५४, २०६१ साल माघ २० गते अतिरिक्ताङ्क ४८ बाट। यही सूचना *गोरखापत्र*मा मिति २०६१ माघ २१ मा प्रकाशित छ। *गोरखापत्र*मा *राजपत्र*मा भन्दा केही शब्दहरू फरक छन्।

अनुसूची ४.३

**श्री ५ को सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**(श्रव्यदृष्य तथा प्रसारण शाखा)**

पत्र सङ्ख्याः–[५२]
मितिः– २०६१/१०/२०

**विषयः राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (च) बमोजिम निर्देशन ।**

श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१/१०/१९ को विज्ञप्तिद्वारा लागू भएको सङ्कटकालमा तहाँ रेडियो स्टेसनहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न हुन यो निर्देशन जारी गरिएको छ ।

कसैले यो निर्देशन विपरीत कुनै पनि कार्यक्रम प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा १७ बमोजिम कारवाही गरिने व्यहोरा आदेशानुसार जानकारी गराइन्छ ।

(पशुपति प्रसाद पौडेल)
शाखा अधिकृत

---

[५२] पत्र सङ्ख्या उल्लेख छैन र कसैलाई पनि सम्बोधन गरिएको छैन । यो पत्र लेखकको व्यक्तिगत सङ्कलनमा रहेको छ ।

**अनुसूची ४.४**

**श्री ५ को सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**(श्रव्यदृष्य तथा प्रसारण शाखा)**

पत्र सङ्ख्या ७/०६०/६१, च. नं. २६१७

मिति २०६१/११/२६

**विषय: राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) बमोजिम निर्देशन ।**

श्री....[५३]

उपर्युक्त विषयमा सङ्कटकाल लागू रहेको अवस्थामा तहाँ रेडियो स्टेसनले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न मिति २०६१/१०/२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको व्यहोरा तहाँ अवगतै छ ।

उपर्युक्त सूचनाको पूर्ण पालना हुन पुनः अवगत गराउँदछु । कसैले निर्देशन विपरीत कुनै पनि कार्यक्रम प्रसारण गरेको पाइएमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १७ बमोजिम कारवाही गरिने व्यहोरा आदेशानुसार जानकारी गराउँदछु ।

(पशुपति प्रसाद पौडेल)
शाखा अधिकृत

---

[५३] इजाजत पत्रवालाहरूको नाम तोकिएको छ । तर त्यो नाम उल्लेख गर्नको लागि उनीहरूसँग अनुमति नलिइएको र नाम उल्लेख नगर्दा पनि व्यहोरामा केही फरक नपर्ने हुनाले नाम उल्लेख गरिएको छैन । यो पत्र लेखकको व्यक्तिगत सङ्कलनमा रहेको छ ।

अनुसूची ४.५

**श्री ५ को सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**ललितपुर**
**(प्रशासन फाँट)**

पत्र सङ्ख्याः–
प्राप्त पत्र सङ्ख्या र मितिः–
चलानी नं.ः– ५६४७
मिति २०६२/१/२१

**विषयः–**[५४]

श्री जिल्ला प्रहरी कार्यालय, ल. पु. ।[५५]

श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१/१०/१९ को विज्ञप्तिद्वारा लागू भएको सङ्कटकालमा रेडियो स्टेसनहरूको विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कार्यक्रम प्रसारण नगर्न मिति २०६१/१०/२० मा सबै एफएमहरूलाई निर्देशन जारी गरिएकोमा उक्त निर्देशनको पूर्ण पालना गराउनु हुन भनी क्षेत्रीय प्रशासन कार्यालय मध्यमाञ्चल विकास क्षेत्र हेटौँडाको च. नं. २१०७ को मिति ०६२/१/१९ को पत्रबाट लेखी आएकोले उपरोक्त अनुसार गर्नु हुन आदेशानुसार अनुरोध छ ।

दस्तखत
२०६२/१/२२

---

[५४] विषय खाली छ ।

[५५] यसपछि तीनओटा रेडियो स्टेसनहरूको नाम उल्लेख छ । तर सम्बन्धित रेडियोहरूको अनुमति नलिइएको र व्यहोरा फरक नपर्ने कारणले तिनीहरूको नाम यहाँ उल्लेख गरिएको छैन । यो पत्र लेखकको व्यक्तिगत सङ्कलनमा रहेको छ ।

**अनुसूची ४.६**

**श्री ५ को सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

(....... **शाखा**[५६])

पत्र संख्या ०६०/६१ च. नं. १८३३

मितिः २०६०/१०/१२

**विषयः– कार्यक्रम निर्धारण समितिमा प्रतिनिधि तोकिएको बारे।**

श्री.... [५७]

त्यस प्रसारण संस्थाको कार्यक्रम निर्धारण गर्ने सम्वन्धमा सम्वन्धित संस्थाको प्रमुखको संयोजकत्वमा मन्त्रालयले तोकिदिएको १ (एक) जना र संस्था प्रमुखले तोकेको व्यक्तिहरू प्रतिनिधि सदस्य रहेको तीन सदस्यीय समितिद्धारा कार्यक्रम निर्धारण गर्ने पर्ने व्यहोरा त्यहाँ अवगत नै छ।

उपर्युक्त विषयमा टे.अ. श्री गोपाल वहादुर श्रेष्ठलाई प्रतिनिधि तोकिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु।

सही
२०६०/१०/१२
(पशुपति प्रसाद पौडेल)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थः
टे.अ. श्री गोपालबहादुर श्रेष्ठ
सूचना तथा सञ्चार मन्त्रालय।

---

[५६] शाखा उल्लेख छैन।

[५७] यसपछि काठमाडौंकै एउटा चर्चित सामुदायिक रेडियो स्टेसनको नाम छ। सम्बन्धित स्टेसनको अनुमति नलिइएकोले त्यसलाई हटाइएको हो। यो पत्र लेखकसँग सुरक्षित छ।